Nepali translation of
*Reader's Digest's* condensed version of "Road to Serfdom"

एफ. ए. हाएक

# दासत्वको बाटो



# दासत्वको बाटो

## फ्रेडरिक ए. हाएक

रिर्डस डाइजेष्टको अप्रिल १९४५ को संस्करणमा प्रकाशित फ्रेडरिक.ए.हाएकद्वारा लिखित "The Road to Serfdom" को संक्षेपिकृत संस्करण

© **समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**
प्रथम पटक नेपालीमा प्रकाशित वि.सं.२०६९

इङ्गल्याण्डमा यस पुस्तकको प्रथम प्रकाशन सन् १९४४ मा भएको थियो । रिडर्स डाइजेष्टको प्रथम संस्करणका रूपमा भने यो पुस्तक सन् १९४५ अप्रिलमा आएको थियो । त्यस्तै यस पुस्तकको पुर्नमूद्रण “occasional paper” (२००१) मा पनि भएको पाइन्छ ।

यस प्रकाशनको मूल प्रतिलिपि अधिकार ‘The Institute of Economic Affairs' (1999, 2001) मा निहित छ ।

यस पुस्तकको अनुवाद र प्रकाशन प्रतिलिपि अधिकारको सहमतिमा गरिएको हो । मूल पुस्तकको छायाँनुवादका रूपमा तयार गरिएको यस पुस्तक पूर्व स्वीकृतिबिना कुनै पनि भागको पुनर्मुद्रण, फोटोकपी वा कुनै स्वरूपमा परिवर्तन गरी सङ्ग्रह गर्नु गैरकानूनी हुनेछ । यस अनुवादित पुस्तक ‘दासत्वको बाटो’को प्रतिलिपि अधिकार समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशनमा निहित रहेको छ ।

यो पुस्तक इन्स्टिटच्युट अफ इकोनोमिक अफेयरस ( Institute of Economic Affairs) द्वारा सन् २००५ मा प्रकाशित Road to Serfdom को अनुवादित संस्करण हो । इन्स्टिटच्युट अफ इकोनोमिक अफेयर्सले उल्लेख गरे अनुसार यस पुस्तकको प्रतिलिपि अधिकारको कुरा अस्पष्ट छ तसर्थ सम्बन्धित व्यक्ति तथा समूहहरुलाई सम्पर्क गरी यसलाई समाधान गर्ने प्रयास गरियो । सम्पर्क गरिएका ती सबै व्यक्ति तथा निकायहरुले स्वीकृति जनाए र ती सबै पाठकहरु जसले यस अनुवादित पुस्तक अध्ययन गरे उनीहरुलाई हामी यस पुस्तकको पूर्ण संस्करण खरिद गर्न प्रोत्साहन गर्दछौं । यदि कोही व्यक्ति वा वर्ग धन्यवादको पात्र भएर पनि हामीले उल्लेख नगरेको खण्डमा कृपया हामीलाई सम्पर्क गर्नु हुन अनुरोध गर्दछु ताकि हामी अवस्थालाई सुधार गर्न सकौं । स्वीकृति प्रदान गर्नेहरुमा हाएक परिवार, युनिभर्सिटि अफ सिकागो प्रेस, रुटलेज र रिर्डस डाइजेष्टका संयुक्त अधिराज्यका सम्पादक रसेल ट्वीस्क रहेका छन् ।

*“क्षणिक सुरक्षा पाउनका लागि आफ्नो आधारभूत स्वतन्त्रता बेच्न तयार हुनेहरू न स्वतन्त्रता न त सुरक्षाका नै लायक हुन्छन् ।”*

**बेंजामिन फ्रेंकलिन**

**डिजाइन र लेआउट : समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**

**कार्टुन डिजाइन : यधु कुमार बलामी**

**प्रकाशक**

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**
४१६, भिमसेनगोला मार्ग, मीनभवन खरिबोट, काठमाडौं, नेपाल
पोष्ट बक्स नम्बर : ८९७३, एन. पी. सी. ६७८

फोन नं. : (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स : (९७७)-१-४४८-५३९१

ईमेल : info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

ISBN : 978-9937-2-4903-4

मूल्य : ८०/-

# विषयसूची

*प्रकाशकीय* ७
*प्राक्कथन्* ९
*लेखकको परिचय* ११
*प्रथम संस्करणका लागि हाएकले लेखेका टिप्पणीहरु* १३

**दासत्वको बाटो** १७
योजना र शक्ति १८
खतराको पृष्ठभूमि २०
योजना बनाउने उदारवादी तरिका २३
आर्दश राज्य २५
किन सबैभन्दा खराब माथि पुग्छन् ? २९
योजना की विधिको शासन ? ३५
के योजना 'अनिवार्य' हुन्छ ? ३७
के योजनाले हामीलाई जिम्मेवारीबाट मुक्त गराउँछ ? ३९
दुई किसिमको सुरक्षा ४५
सुन्दर भविष्य तर्फ ४८

**दासत्वको बाटो कार्टुन संस्करणमा** ५०

## प्रकाशकीय

विगत ६ दशक देखि नेपालको राजनीतिक  इतिहासमा लोकतन्त्रको स्थापना र अभ्यासको विभिन्न प्रयोग र प्रयासहरु भइरहेका छन् । त्यसमा पनि पछिल्ला २२ वर्ष र विषेशगरी २०६२/२०६३ पछिको समय अत्यन्तै महत्वपूर्ण र बहुआयामीक रहेको छ । हाल नेपाली समाज र शासन पद्धतिको दिगो निकाश तय गर्नमा हामी तल्लिन छौं । नेपाली समाज र राजनीतिको दिशा निर्धारण गर्न सारा राष्ट्र जुटेको यस क्षणमा गम्भीर बहस, छलफल र चिन्तन भईरहेको छ । सम्भावना र विकल्पको यस चिन्तनमा विश्वका विभिन्न मुलुकहरुले यस्तै गम्भिर एवं जटिल क्षणहरु पार गर्दा त्यहाँ भएका बहस, छलफल र चिन्तनहरुको विश्लेषणले हाम्रो गृहकार्यमा पनि थप सहयोग पुग्न सक्छ । यसै सन्दर्भमा १९५०को दशकमा संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरीकामा व्यापक बहस सृजना गरेको पुस्तक “द रोड टु सर्फडम” (The Road to Serfdom) को नेपाली अनुवाद ‘दासत्वको बाटो’ प्रस्तुत गर्न पाउँदा हामी अत्यन्तै हर्षित छौं ।

अष्ट्रियन अर्थशास्त्री एवं नोवेल पुरस्कार विजेता एफ.ए.हायक (F.A.Hayek) द्वारा लिखित “दासत्वको बाटो” सन् १९४४ मा प्रथम पटक प्रकाशित भएको थियो । प्रथम प्रकाशनको प्राक्कथन्मा जोन चेम्वरलेन (John Chamberlain) ले त्यस समयावधीलाई ‘हिचकिचाहटको समय’ को संज्ञा दिंदै उक्त समयमा भइरहेको बेलायत र यूरोपेली महाद्विपको पुर्नसंरचना र पुर्ननिर्माण, युद्ध केन्द्रीत संयुक्त राज्य अमेरीकाको आर्थिक संकट र महामन्दीबाट बिस्तारै निस्कने प्रयास र जतासतै सुरक्षा र स्थिरताको मागको सन्दर्भलाई दर्शाएका थिए । तसर्थ १९५० मा यस पुस्तकले ठूलो अर्थराजनीतिक बहसको सृजना गरको थियो र पश्चिमा राष्ट्रहरुमा व्यापक सुधारको लहर ल्याउनमा महत्वपूर्ण भूमिका पनि निर्वाह गरेको थियो । त्यस बेला अमेरीकामा मात्र चालीस लाखभन्दा बढीको संख्यामा बिक्रि भएको र बीसभन्दा बढी भाषाहरुमा अनुवादीत यो पुस्तकले नेपाली समसामयिक राजनैतिक एवम् सामाजिक चिन्तन र बहसमा एउटा आयाम थप्ने छ भन्नेमा हामी आशावादी छौं ।

यो पुस्तक धेरै व्यक्ति र संस्थाहरुको अथक प्रयासबाट तयार भएको हो । विषेशतः प्रारम्भिक अनुवादमा सहयोग गर्नुहुने डा.खगेन्द्र नाथ शर्मा प्रति हामी कृतज्ञ छौं । त्यसैगरी यो नेपाली संस्करणको प्राक्कथन् लेखिदिनु हुने डा.भोलानाथ चालिसे, पुस्तकको

प्रारम्भिक खेस्रालाई पटक पटक केलाई भावानुवाद गर्न सहयोग गर्नुहुने खेमराज नेपाल, सम्पादनमा सहयोग गर्नुहुने मनोज रिजाल र शरद चन्द्र वस्तीलाई अन्तर हृदय देखि धन्यवाद दिन चाहन्छौं । अनुवादको क्रममा अविरल रुपमा तल्लीन रहेर लाग्नुहुने प्रणति कोइराला, अर्पिता नेपाल र दिपेन्द्र चौलागांई, प्रकाशनमा लागी पर्नुभएका प्रभात “डेभिड” श्रेष्ठ र लोकेश कर्ण लगायत समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनका सम्पूर्ण सहकर्मीहरुलाई म धन्यवाद दिन चाहन्छु । त्यसैगरी, कार्टुनहरुलाई नेपाली सान्दर्भिकता प्रदान गर्नुहुने यधु कुमार बलामीलाई पनि धन्यवाद दिन चहान्छु । यस पुस्तकको प्रकाशनका लागि निरन्तर उत्साह र प्रेरणा प्रदान गर्नुहुने एटलस नेटवर्क (Atlas Network) का टम पालमर (Tom Palmer), नेटवर्क फर फ्रि सोसाइटी (Network for Free Society) की लिन्डा विटस्टोन (Linda Wheatstone) र इन्स्टिचुट अफ इकोनोमिक अफेर्स (Institute of Economic Affairs) का जन ब्लन्डेल (John Blundell) प्रति हामी आभारी छौं । त्यसैगरी प्राविधिक रुपमा यस प्रकाशनमा सहयोग गर्नुहुने केटो इन्स्टिचुट (Cato Institute) र प्रतिलिपि अधिकारको लागि सहयोग गरिदिनुहुने इन्स्टिचुट अफ इकोनोमिक अफेर्स (Institute of Economic Affairs) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यसका साथै, यो पुस्तक प्रकाशनमा प्रत्यक्ष वा अप्रत्क्षय रुपमा सहयोग गर्नुहुने अन्य थुप्रै महानुभावहरु र संस्थाहरुप्रति हाम्रो विषेश धन्यवाद छ ।

समसामयिक चिन्तन एवं बहसमा सहयोगी हुनसक्ने यस्ता अन्तर्राष्ट्रिय प्रकाशनले नेपालको अर्थराजनीतिक बहसमा नौलो विचारधारा प्रस्तुत गर्छ भन्ने हाम्रो आशा छ । यस्ता सान्दर्भिक पुस्तकहरुको खोज गर्न, पहिचान गर्न र प्रकाशन गर्नमा तपाईंको सुझाव र सहयोग रहला भन्नेमा हामी आशावादी छौं । यस पुस्तकमा भएका कमी कमजोरीलाई क्रमशः सुधार गरी अझ राम्रो रुप दिनमा पनि हामी तपाईंको सहयोग एवं सुझावको अपेक्षा गर्दछौं ।

यस पुस्तकमा प्रस्तुत विषयवस्तु र विचारहरु समृद्धि द प्रोस्पेरिटी फाउण्डेशनका धारणा नभई लेखकहरुका मौलिक एवं व्यक्तिगत धारणाहरु हुन् । अनुवादको क्रममा हुन गएका कमी कमजोरी प्रति हामी जिम्मेवार छौं र तपाईंको सुझाव एवं सल्लाहबाट आगामी दिनमा सुधार गर्न प्रतिबद्ध छौं । यस पुस्तकलाई उत्सुक्ताका साथ पढि छलफल र चिन्तनको विषय बनाईदिनु हुन्छ भन्ने अपेक्षाका साथ हामी पाठकहरुमा पुनः आभार प्रकट गर्दछौं ।

/ljg l;6f}nf
कार्यकारी निर्देशक, समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

## प्राक्कथन्

"फासीवाद र मार्क्सवादको उत्थान, त्यसभन्दा पहिलेको समयको समाजवादी प्रवृत्तिको विरोधी प्रतिक्रियाको रुपमा भएको थिएन, बरु ती प्रवृत्तिको अनिवार्य परिणाम स्वरुप भएको थियो ।"

फ्रेडरिक ए. हाएकको अंग्रेजीको पुस्तक, "द रोड टु सर्फडम"को नेपाली उल्था "दासत्वको बाटो"को भूमिका लेख्न पाउनु मेरा लागि अत्यन्तै सुखद कुरा हो । हाएक र मेरो सम्बन्ध भनेको उनले अध्ययन गरेको र सौभाग्यबस मैले पढ्न पाएको विश्वविद्यालय एउटै हो : भिएना विश्वविद्यालय । सन् १९४४ मा पहिलो पटक प्रकाशित भएको "द रोड टु सर्फडम" पुस्तकको सन् १९४५ मा "द रिर्डस डाइजेस्ट"ले संक्षेपीकृत रुपमा प्रस्तुत गरेको अंग्रेजीको यो नेपाली रुपान्तरण हो । यसको अनुवाद गर्नुहुने "समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन"का साथीहरु धन्यवादका पात्र हुन् ।

नेपालमा लोकगीतहरुको विकास गर्न के गर्नु पर्ला भनेर लोकगीत गायक-गायिकाहरुलाई प्रश्न गर्दा सरकारले विकास गर्नुपर्‍यो, काठमाडौंको फोहोर फ्याल्न सरकारले के गर्नुपर्ला भन्दा सरकारले बल प्रयोग गरेर भए पनि अर्काको आँगन, पाटोमा फोहोर फ्याल्नुपर्छ भन्ने सोच र गरिबका लागि योजना नगरी विकास हुँदैन भन्ने नीति निर्माताहरुको बलियो धारणा रहेको नेपालमा, एक बेग्लै किसिमले सोच्न कर लगाउने पुस्तक हुन सक्दछ, "दासत्वको बाटो" । यो पुस्तकलाई नेपाली बजारले सजिलै स्वीकार्ला भन्ने कुरामा भने मलाई पनि शङ्कै छ । बेलायतमा सन् १९४४ मा प्रकाशित भएपछि यो पुस्तकलाई सुरुमा अमेरिकामा धेरै प्रकाशकहरुले प्रतिक्रियावादी विचारको भन्दै छाप्न अस्वीकार गरे । सन् १९३० को दशकको आर्थिक मन्दीमा मूलतः सरकार बलियो हुनुपर्छ, नयाँ नोटहरु छापेर भएपनि सरकारले नै रोजगार सिर्जना गर्नुपर्दछ भन्ने विचारका प्रस्तोता जोन एम. किइन्स राजनीतिक रुपले प्रभावशाली भएका बखत हाएकको पुस्तकलाई प्रतिक्रियावादी सोचको उपज ठानिनु अनौठो थिएन । छैंसट्ठी वर्ष अगाडि प्रकाशित भएको तर नब्बे वर्ष अगाडिदेखि नै यही सोचका बारेमा लेख्दै आएका हाएकको यो पुस्तक र उनका अन्य किताबहरुको खोजी भने अहिले संयुक्त राज्य अमेरिका र

युरोपका देशहरुमा आएको आर्थिक संकटको कारण र उपाय पत्ता लगाउने क्रममा बढिरहेको छ । हाएकले भनेको कुरा र विचार सन् १९३० को आर्थिक मन्दीकै बेला कार्यन्वयन गरिएको भए यी आर्थिक समस्याहरु पनि विकराल रुपमा सिर्जना हुने थिएनन् र देशका सरकारहरु झनझन बलियो हुँदै सर्वसत्तावादी हुने थिएनन् । हाएकले आफ्नो पुस्तकमा राज्यले योजना मार्फत कसरी व्यक्तिको स्वत्रन्तता हरण गर्न सक्दछ र यसकै मार्फत राज्य सर्वसत्तावादी हुन्छ भनेर दार्शनिक सोच पस्केका छन् ।

जुनसुकै नाम र बहानामा राज्यले योजना गर्न थाले पनि त्यसका लागि सबभन्दा पहिले उसले व्यक्तिगत स्वतन्त्रता र व्यक्तिको चाहनाहरुलाई मार्नुपर्दछ । यो मार्ने प्रक्रियामा राज्यले व्यक्तिको सम्पत्ति माथिको अधिकारलाई कुल्चनु पर्दछ । व्यक्तिको सम्पत्तिलाई हडप्नु भनेको व्यक्तिको विचारलाई कुल्चनु हो । व्यक्तिको सोच्ने र निर्णय गर्ने अधिकारहरु नखोसिकन राज्यले योजना बनाउनै सक्दैन । तर अनौठो, यस्तै विचारलाई संसारका धेरै बुद्धिजीविहरुले मानव हितको पक्षमा रहेको दाबी गर्छन् । सरकारले बनाउने योजना प्रथमत यर्थाथपरक नै हुँदैन किनभने यसले समाजमा रहेको विभिन्न व्यक्तिहरुको निर्णयहरुलाई समेट्न नै सक्दैन । दोस्रो, योजना बनाइहाले तापनि यसको कार्यान्वयनका लागि राज्यलाई ठूलो एवं भद्दा कर्मचारीतन्त्रको आवश्यकता पर्दछ । व्यक्तिको स्वतन्त्र सोच र क्रियाकलापमा आधारित नभएको योजना भएकोले कार्यान्वयनका लागि राज्यले व्यक्ति माथि दमन लाद्नु पर्दछ । यी सबै क्रियाकलापले राज्यलाई फासीवादमा पुऱ्याउँदछ । हाएकको दर्शनमा कम्युनिष्ट भन्दा पनि प्रजातान्त्रिक समाजवादीहरु झन् बढी खतरा हुन् । बरु कम्युनिष्टहरुले सोझै व्यक्तिको स्वतन्त्रता खोसेर मात्रै पूर्ण साम्यवाद स्थापना हुन सक्द्छ भनेर स्पष्ट भन्दछन् भने प्रजातान्त्रिक समाजवादीहरु प्रजातन्त्र भित्र योजना गर्ने भन्दै व्यक्तिको स्वतन्त्रतालाई हरण गर्नपुग्दछन् । देशै बामपन्थ भएका बेला, यो पुस्तक आफ्नो बुद्धि स्वतन्त्र रुपमा प्रयोग गर्नेहरुका लागि उपयुक्त पढाइ होला भन्ने ठानेको छु ।

भोला नाथ चालिसे
काठमाडौं, नेपाल

## लेखकको परिचय

फ्रेडरिक ए. हाएक (१८९९-१९९२) को जन्म भियनामा भएको थियो । उनले भियना विश्वविद्यालयबाट कानून र राजनैतिक अर्थशाश्त्र गरी दुई विषयमा विद्यावारिधि हासिल गरेका थिए । उनले लुडविग वन मिसेसको मातहतमा रहेर अष्ट्रियन इन्स्टिटिच्युट फर बिजनेस साइकल रिसर्चमा काम गरे । सन् १९२९ देखि १९३१ सम्म उनले भियना विश्वविद्यालयमा लेक्चररको रुपमा काम गरे । सन् १९२९मा उनको पहिलो किताब मोनेटरि थियोरी एण्ड द ट्रेड साइकल (Monetary Theory and the Trade Cycle) प्रकाशित भयो । उनलाई सन् १९३१ मा लन्डन स्कूल अफ इकोनोमिकसमा अर्थशास्त्र तथा तथ्यांकशास्त्रका प्रोफेसरको रुपमा र सन् १९५०मा शिकागो विश्वविद्यालयमा सामाजिक तथा नैतिक विज्ञानको प्रोफेसरको रुपमा नियुक्त गरियो । सन् १९६२ मा उनी फ्रिबर्ग विश्वविद्यालयमा राजनैतिक अर्थशास्त्रका प्रोफेसरका रुपमा नियुक्त भए र सन् १९६७ मा उनले त्यहाँको प्रोफेसर इमिरिटसको पद हासिल गरे । सन् १९४४ मा हाएक ब्रिटिश एकेडेमीमा सदस्यका रुपमा निर्वाचित भए र १९४७ मा उनले स्वीट्जरल्याण्डमा एक सम्मेलनको आयोजना गरे जसको फलस्वरुप मोन्ट पेलेरिन सोसाइटीको सिर्जना भयो । उनी सन् १९७४ मा अर्थशास्त्र तर्फको नोबेल पुरस्कार प्राप्त गर्न सफल भए र उनले सन् १९८४ मा कम्पानियन अफ अनर्सको उपाधि पनि हासिल गरे । सन् १९९१ मा जर्ज डब्लु बुशले उनलाई प्रेसिडेन्सियल मेडल अफ फ्रिडमको ताज प्रदान गरे । उनीद्वारा लिखित चर्चित पुस्तकहरुमा द प्योर थ्योरी अफ क्यापिटल (The Pure Theory of Capital), १९४१, द रोड टु सर्फडम (The Road to Serfdom) १९४४, द काउन्टर रिभोल्युसन अफ साइन्स (The Counter-Revolution of Science), १९५२, द कन्स्टिच्युसन अफ लिबर्टी (The Constitution of Liberty), १९६०, ल लेजिस्लेसन एण्ड लिबर्टी (Law, Legislation and Liberty) १९७३-९, द फ्याटल कन्सिट (The Fatal Conciet), १९८८ आदि छन् ।

## प्रथम संस्करणका लागि हाएकले लेखेका टिप्पणीहरू

१ आदर्श भविष्यलाई सुनिश्चित गर्ने प्रयास भइरहँदा हामीले थाहै नपाई त्यसको विपरीत परिणाम आउनुभन्दा ठूलो दुःखान्त के हुन सक्छ ?

२ यतिबेला चलेको हल्ला अनुसार, जर्मनहरू कपटी भएकै कारण जर्मनीमा नाजीवाद आउन सकेको हो रे ! तर यस्तो हल्ला फैलाएर हाम्रो आँखा छली नाजीवाद जस्तै निरंकुशता ल्याउन सक्ने संस्थाहरू हामीमाथि लाद्न खोज्ने प्रयास पनि भइरहेको हुन सक्छ। यसैले यस्ता अफवाहदेखि हामी अलि सतर्क हुनुपर्छ।

३ अप्रत्याशित तर सिद्धान्ततः समाजवादबाट छुट्याउनै नसकिने क्रियाकलापहरूलाई व्याख्या गर्न अपनाइएको नयाँ शब्द "सर्वसत्तावाद" हो।

४ योजनाबद्ध प्रणालीमा हामीले सामूहिक क्रियाकलापलाई सबैको सहमति भएका कामहरूमा मात्र सीमित गर्न सक्दैनौं। यस्तो प्रणालीमा कुनै पनि काम अघि बढाउनका लागि सबैलाई सहमत हुन बाध्य पारिन्छ।

५ राज्यले जति धेरै योजना बनाउँछ, व्यक्तिलाई आफ्नो योजना बनाउन त्यति नै कठिन हुन्छ।

६ आर्थिक स्वतन्त्रतालाई अन्य स्वतन्त्रताका लागि पूर्वशर्त भनिएको छ। तर यो समाजवादीहरूले बाचा गर्ने आर्थिक संरक्षण हैन। किनभने, यस्तो संरक्षणले व्यक्तिको आवश्यकतालाई परिपूर्ति गर्न कोशिश गरे तापनि, व्यक्तिसँग रहेको छनौटको शक्तिलाई समेत खोसेर लान्छ। आर्थिक स्वतन्त्रता भनेको त आर्थिक क्रियाकलापमा संलग्न हुन पाउने अधिकार हो र यो अधिकार सँगसँगै काम सम्बन्धी जोखिम र दायित्व पनि जोडिएर आउँछ।

७ निजी सम्पत्तिको प्रणाली स्वतन्त्रताको सबैभन्दा महत्वपूर्ण प्रत्याभूति हो भन्ने कुरा हाम्रो पुस्ताले बिर्सिएको छ।

८ कहिलेकाहीं राम्रो उद्देश्यका लागि प्रयोग हुन सक्ने शक्तिलाई समेत सीमित गर्न हामी तयार भएनौं भने, शक्तिको दुरुपयोगलाई हामीले कहिल्यै पनि रोक्न सक्दैनौं ।

९ स-साना राज्यहरूको अस्तित्व सहितको विश्व सृजना गऱ्यौं भने हामी सबै त्यसबाट लाभान्वित हुनेछौं ।

१० वास्तविकतालाई ओझेलमा राख्ने प्रवृत्तिबाट मुक्त हुनु पहिलो आवश्यकता हो । यस्तो प्रवृत्तिले हामीले विगतमा गरेको सबै काम या त एकदम ठीक थियो या टार्नै नसकिने थियो भन्ने भ्रम पैदा गर्छ । विगतमा गरेको गल्तीलाई स्वीकार्न सकेनौं भने हामी अघि बढ्न सक्दैनौं ।

# दासत्वको बाटो

रिर्डस डाइजेष्टको संक्षेपीकृत संस्करण

# दासत्वको बाटो

जर्मन विचारको नजिक रही, आफ्नो मातृभूमि अष्ट्रियामा जीवनको आधा समय बिताएको मैले, त्यसपछिको जीवन संयुक्त राज्य अमेरिका र बेलायतमा बिताएँ। जर्मनीमा स्वतन्त्रता समाप्त पार्न क्रियाशील तत्वहरू पछिल्लो समयमा संयुक्त राज्य अमेरिका र बेलायतमा पनि क्रियाशील रहेको मैले पाएँ।

राष्ट्रिय समाजवादीहरूले (जर्मनीका नेशनल सोसलिष्ट) मच्चाएको विध्वंस र अत्याचारको परिमाण देख्दा मलाई त्यस्तो सर्वसत्तावादले संयुक्त राज्य अमेरिका र बेलायतमा जन्म लिन सक्दैन भन्ने लाग्थ्यो । राष्ट्रिय समाजवादीहरू उदाउनुभन्दा पन्ध्र वर्ष अघिको जर्मनीलाई फर्केर हेर्ने हो भने त्यहाँ पनि दशमध्ये नौ जर्मन नागरिकलाई, या कुनै विदेशी आलोचकलाई समेत, त्यस्तो दुर्घटना जर्मनीमा हुन सक्छ भन्ने कुरा अतिरञ्जनापूर्ण नै लागेको थियो ।

तर समय बित्दै जाँदा थुप्रै कथित 'जर्मन विशेषताहरू' संयुक्त राज्य अमेरिका र बेलायतमा समेत देखिन थाले । जर्मनीकै पथमा अघि बढाउने विभिन्न लक्षणहरू, जस्तै राज्यलाई अलौकिक सम्मान गर्ने बढ्दो क्रम, परिणामलाई अकाट्य मान्ने प्रवृत्तिको भाग्यवादी स्वीकारोक्ति र सबै कुराको व्यवस्थापनप्रति राज्यको बढ्दो उत्सुकता (जसलाई आज हामी 'योजना' भन्ने गर्छौं) देखा परे। थप विडम्बनाको कुरा के भने, स्वतन्त्रताप्रति शुभेच्छा राख्ने व्यक्तिहरूको समाजवादी नीतिले नै उनीहरूले घृणा गर्ने शक्तिहरूका लागि बाटो सहज बनाइदिएको यथार्थ अझसम्म पनि महसुस भएको छैन। फासीवाद र मार्क्सवाद

समाजवादी चिन्तनको विरोधी नभई *यसैका उपज हुन्* भन्ने तथ्य थोरैले मात्र मनन गरे । यद्यपि, जर्मनीमा त्यस बेलाको समाजवादी आन्दोलनका धेरै नेताहरू (मुसोलिनी र त्यसपछि लाभाल, क्विसलिङ लगायतका), अन्त्यमा फासीवादी या नाजीवादी नै हुन पुगेका थिए ।

अहिलेको लोकतन्त्रमा नाजीवादको कुनै पनि प्रतिबिम्बलाई हृदयदेखि नै मन नपराउनेहरू जुन आदर्शका लागि काम गरिरहेका छन्, त्यसको प्राप्तिले उही घृणित निरकुंशता निम्त्याउँछ । विकासलाई प्रभाव पार्ने विचार भएका धेरैजसो व्यक्तिहरू केही हदसम्म समाजवादी हुन्, जो हाम्रो आर्थिक जीवन कुनै न कुनै रूपमा निर्देशित हुनुपर्छ भन्ने मान्यता राख्दछन् । तर आदर्श भविष्यलाई सुनिश्चित गर्ने प्रयास भइरहँदा हामीले थाहै नपाई त्यसको विपरीत परिणाम आउनुभन्दा ठूलो दुःखान्त के हुन सक्छ ?

## योजना र शक्ति

आफ्नो उद्देश्य प्राप्तिका लागि योजनाकारहरूले आफ्नो नियन्त्रणमा भएका मानिसमाथि प्रयोग गर्नका लागि अहिलेसम्म मान्छेलाई थाहै नभएको परिमाणमा शक्तिको सृजना गर्नुपर्छ । योजनाकारहरूको सफलता नै यस्तो शक्ति कति हदसम्म हासिल गर्न सकियो भन्ने कुराबाट मापन गरिन्छ । यसरी आर्थिक गतिविधिको केन्द्रीकरण गरी स्वतन्त्रतालाई दबाउन लोकतन्त्र सबैभन्दा ठूलो अड्चन हुन्छ । फलस्वरूप योजना र लोकतन्त्र बीचको द्वन्द्वको सुरूवात हुन्छ ।

हरेक व्यक्तिमा रहेको व्यक्तिगत शक्तिलाई समाजमा हस्तान्तरण गर्दा शक्ति समाप्त हुन्छ भन्ने दुःखद भ्रम धेरै समाजवादीलाई हुन्छ । तर एउटै योजना कार्यान्वयन गर्न व्यक्तिबाट समाजमा शक्ति हस्तान्तरण गर्दा, शक्ति परिवर्तित मात्र नभई अनपेक्षित रूपमा बढेको हुन्छ भन्ने कुरा उनीहरू बुझ्न

चाहँदैनन् । व्यक्तिले छुट्टाछुट्टै प्रयोग गर्दै आएको शक्तिलाई एक निकायमा केन्द्रित गर्दा शक्तिको मात्रा पहिलेको तुलनामा अतुलनीय रूपमा बढेको हुन्छ र यसको पहुँच दूरगामी भई शक्तिको स्वरूपमा नै परिवर्तन आउँछ ।

राज्यको केन्द्रीय योजना समितिले प्रयोग गर्ने शक्ति कुनै निजी क्षेत्रको सञ्चालक समितिले सामूहिक रूपमा प्रयोग गर्ने शक्तिभन्दा केही फरक हुँदैन भनेर बहस गर्नु गलत हो । कुनै पनि प्रतिस्पर्धात्मक समाजमा समाजवादी केन्द्रीय योजना समितिको जस्तो शक्ति प्रयोग गर्न सक्ने कोही पनि हुँदैन । शक्तिको विकेन्द्रीकरण गर्नु भनेको कुल शक्तिलाई घटाई नियन्त्रित गर्नु हो र प्रतिस्पर्धात्मक प्रणाली मात्र त्यस्तो प्रणाली हो जसले मान्छेले मान्छेमाथि प्रयोग गर्ने शक्तिलाई नियन्त्रण गर्न वा घटाउन सक्छ । मैले काम गर्ने कम्पनीको करोडपति मालिकसँग मलाई नियन्त्रण गर्ने जति शक्ति हुन्छ, त्यसको तुलनामा मलाई कस्तो काम गर्न दिने र मेरो जीवनशैली कस्तो हुनुपर्छ भन्ने निर्णय गर्न राज्यको बल प्रयोग गर्न सक्ने अख्तियार बोकेको कुनै सानै कर्मचारीसँग पनि मलाई नियन्त्रण गर्ने धेरै गुणा बढी शक्ति हुन्छ भन्ने कुरामा कसको विमति होला र ?

जर्मनीको कुनै रोजगारदाता या रूसको कुनै राम्रै आम्दानी भएको व्यवस्थापक या इन्जिनियर भन्दा संयुक्त राज्य अमेरिका वा बेलायतको सीप नभएको मजदुरसँग हरेक अर्थमा आफ्नो जीवनको स्वरूप निर्धारण गर्ने धेरै स्वतन्त्रता छ । उसले आफ्नो जागिर अथवा वासस्थान परिवर्तन गर्न चाहेमा या कुनै विचारको समर्थन गर्न चाहेमा या आफ्नो खाली समय जुनसुकै तरिकाले बिताउन चाहेमा, कुनै बाधाको सामना गर्नुपर्दैन । सुपरिवेक्षकले लगाएको काममा बाँधिनका लागि उसलाई कुनै बलजफ्ती हुँदैन । यसो गर्दा उसको जीउज्यानको सुरक्षा र स्वतन्त्रतालाई कुनै खतरा हुँदैन; त्यो यथावत् कायम रहन्छ ।

हाम्रो पुस्ताले निजी सम्पत्तिको प्रणाली नै स्वतन्त्रताको सबैभन्दा महत्वपूर्ण प्रत्याभूति हो भन्ने कुरा बिर्सिसकेको छ । उत्पादनका साधनहरू धेरै व्यक्तिबीच बाँडिएकै कारणले हामी व्यक्तिगत रूपमा के गर्ने भन्ने निर्णय गर्न पाइरहेका छौं । तर जब उत्पादनका साधनहरू कुनै एकको हातमा पर्छन्, चाहे त्यो समाज होस् या कुनै निरकुंश शासक, त्यसबेला हामीलाई नियन्त्रण गर्ने सम्पूर्ण शक्ति त्यसैमा केन्द्रित हुन पुग्छ । जब आर्थिक शक्तिलाई केन्द्रीकरण गरी राजनीतिक शक्तिको साधन बनाइन्छ तब यसले यस्तो निरीह अवस्थाको सृजना गर्छ जुन दासतासँग तुलनीय हुन्छ । एउटा स्मरणीय भनाइ छ - “जहाँ राज्य एकमात्र रोजगारदाता हुन्छ त्यहाँ विपक्षी हुनु भनेको अनिकालबाट बिस्तारै मर्नुजस्तै हो ।”

## खतराको पृष्ठभूमि

समाजवाद र सर्वसत्तावादको कुनै पनि रूपभन्दा ‘व्यक्तिवाद’ नितान्त अलग कुरा हो । यो व्यक्तिमाथिको विश्वास र सम्मानमा आधारित हुन्छ । व्यक्तिवादले व्यक्ति स्वतन्त्र हुनुपर्छ र उसले आफैं आफ्नो क्षमताको विकास गर्न सक्छ भन्ने विश्वास गर्दछ । यो दर्शन प्रथमतः पुनर्जागरणको अवधिमा विकास भई पछि आएर पश्चिमा सभ्यतामा स्थापित भयो । त्यतिबेलाको सामाजिक विकासको क्रम व्यक्तिलाई सामन्ती व्यवस्थाबाट मुक्त गर्दै स्वतन्त्रता प्रदान गर्नेतर्फ उन्मुख थियो ।

व्यक्तिको ऊर्जाले स्वतन्त्रता पाउनुको सम्भवतः सबैभन्दा राम्रो परिणाम विज्ञानको विकास हो । वैयक्तिक स्वतन्त्रताले ज्ञानको स्वतन्त्र प्रयोगको बाटो खोलेर, जोखिमको दायित्व आफैं बेहोर्दै सबैले जे पनि परीक्षण गर्न सक्ने वातावरण सृजना गरेपछि मात्र विज्ञानले फड्को मार्दै बितेको १५० वर्षमा संसारको स्वरूप नै परिवर्तन गर्न सफल भएको हो । मानव जातिको बौद्धिक अभ्यासमा लगाइएका प्रतिबन्धहरूबाट स्वतन्त्रता मिल्नासाथ मानिसका असंख्य इच्छा तथा चाहना पूरा हुन थाले । फलस्वरूप, बीसौं शताब्दीको अन्त्यमा

पश्चिमा संसारको एउटा मजदुरले विगतको १०० वर्षमा कल्पना पनि नगरेको भौतिक सुविधा, सुरक्षा र व्यक्तिगत स्वतन्त्रता हासिल गऱ्यो ।

यसको परिणामस्वरूप मान्छेमा आफ्नो भाग्यलाई आफैं नियन्त्रण गर्न सक्ने विश्वास पैदा भयो र उसले आफ्नो विकासका असंख्य सम्भावनाहरू देख्न थाल्यो । यस क्रममा त्यतिन्जेलको उपलब्धिलाई प्राप्त भइसकेको सम्पत्तिका रूपमा लिइयो र विकासको दर ढिलो भएको महसुस हुनथाल्यो। फलस्वरूप ती उपलब्धि हासिल गराउने सिद्धान्तहरूलाई नै द्रुत गतिको विकासको बाधकका रूपमा लिन थालियो। यसरी नियाल्दा उदारवादको सफलता नै यसको पतनको कारण बन्न पुग्यो ।

उन्नाइसौं शताब्दीका आर्थिक सिद्धान्तहरू सुरूवात मात्र थिए र त्यसै अनुरूप अघि बढ्दै गएको भए प्रगतिका अथाह संभावनाहरू थिए भन्ने कुरामा कसैको विमति नहुनु पर्ने हो । तर, प्रभुत्ववादी विचारले स्वतन्त्र समाजमा भएको स्वतस्फूर्त ऊर्जाको सदुपयोग कसरी गर्ने भन्ने बहसलाई महत्व दिंदैन । उसले त यस्तो ऊर्जालाई नकार्दै सामूहिक र निर्देशित दिशा कसरी पकड्ने भन्ने बहसलाई मात्र अघि बढाउँछ ।

उदारवादको परित्याग कि त समाजवादमा हुन्छ या यो सरल रूपमा व्यवस्थापन वा योजनाको छाता ओढेर आउँछ। उदारवादको उपेक्षाको क्रम जर्मनीमै भएको थियो । उन्नाइसौं शताब्दीको उत्तरार्ध र बीसौं शताब्दीको पूर्वार्धमा जर्मनीले समाजवादको सिद्धान्त र अभ्यासलाई निकै अगाडि बढाइसकेको थियो । त्यसैले रुसीहरू पछिसम्म पनि जर्मनीले छाडेको बिन्दुबाट छलफल सुरू गर्थे । नाजीवादको सुरूवात हुनुभन्दा धेरै अघिदेखि नै जर्मनहरूले उदारवाद, लोकतन्त्र, पूँजीवाद र व्यक्तिवादलाई आक्षेप लगाउन थालिसकेका थिए ।

नाजीहरूभन्दा धेरै अघि जर्मन र इटालियन समाजवादीहरूले त्यस्ता प्रविधि प्रयोगमा ल्याए जसलाई पछि गएर नाजी र फासीवादीहरूले प्रभावकारी

ढङ्गले प्रयोग गरे । राजनीतिक पार्टीद्वारा व्यक्तिको जन्मदेखि मृत्युसम्म सम्पूर्ण गतिविधिको नियन्त्रण गर्दै, उसको हरेक विचारलाई निर्देशित गर्ने अभ्यास समाजवादीहरूले पहिले नै गरेका थिए । सानो उमेरका बालबालिकालाई राजनीतिक संगठनमा बाँधेर उनीहरूको विचारलाई निर्देशित गर्ने काम पनि फासीवादीले नभई समाजवादीहरूले नै सुरू गरेका थिए । तिनको विचारमा अरूले प्रभाव पार्न नसकून् भनेर तिनलाई विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रममा निरन्तर व्यस्त बनाइराख्ने अभ्यास पनि उनीहरूले नै प्रारम्भ गरेका हुन् । पार्टीको सदस्यले आफूलाई आम जनताभन्दा बेग्लै र विशिष्ट देखाउनुपर्छ भन्दै एक-अर्कालाई सम्बोधन गर्ने र भलाकुसारी गर्ने छुट्टै शब्दावलीको सुरूवात पनि समाजवादीहरूले नै गरेका हुन् । यसरी व्यक्तिगत जीवनको हरेक पक्षमा पार्टीको हस्तक्षेपलाई बढावा दिन विभिन्न संरचना विस्तार गर्दै समाजवादीहरूले नाजी र फासीवादीहरू भन्दा अघि नै सर्वसत्तावादी पार्टीको नमुना प्रस्तुत गरिसकेका थिए । हिटलरले सत्ता कब्जा गरिसक्नु अगावै जर्मनीमा उदारवादको अन्त्य भइसकेको थियो जसका लागि समाजवाद नै जिम्मेवार थियो ।

समाजवादबाट फासीवादसम्मको संक्रमणलाई नजिकबाट अध्ययन गर्दा यी दुई प्रणालीबीचको समानता सजिलै देख्न सकिन्छ । तर, अझै पनि धेरैलाई लोकतन्त्रमा समाजवाद र स्वतन्त्रतालाई सँगसँगै अघि बढाउन सकिन्छ भन्ने विश्वास रहेको पाइन्छ । “लोकतान्त्रिक समाजवाद” नामक विगत शताब्दीको ठूलो काल्पनिक आदर्श पछ्याउनेहरूलाई यस व्यवस्थाको असंभाव्यताको छनकै छैन । लोकतान्त्रिक समाजवादी व्यवस्थाको भ्रमलाई पछ्याउँदा यसले बरू व्यक्तिको स्वतन्त्रतालाई भने नष्ट गर्छ । भनिन्छ, राज्यलाई स्वर्ग बनाउने प्रयास गर्दा नै राज्य नर्क बन्न पुग्छ ।

आजको बेलायत र संयुक्त राज्य अमेरिकामा पनि सबै उदारवादीलाई उपेक्षाको दृष्टिले हेर्ने शक्तिहरूको समायोजन र सबलीकरण चिन्ताको विषय हो । ‘पुरानो समाजवादको’ पर्दा ओढ्दै जर्मनीमा धेरै लेखकहरूले राष्ट्रिय

समाजवादका लागि बाटो बनाइदिए । अहिले हामीमाझ पनि त्यही प्रवृत्ति देखा परिरहेको छ ।

## योजना बनाउने उदारवादी तरिका

साझा समस्याहरूको समाधान सकेसम्म दूरगामी हुनुपर्छ भन्ने सबैको चाहना हुन्छ । यसैकारण योजना बनाउने प्रणालीले यस्तो लोकप्रियता हासिल गरेको हो । योजना बनाउँदा अग्रगामी सोच अपनाउनुपर्छ भन्ने कुरामा आधुनिक योजनाकार र उदारवादीबीच कुनै विवाद छैन । विवाद कुन प्रक्रिया अपनाउने भन्नेबारेमा हो । व्यक्तिको ज्ञान र ऊर्जालाई सदुपयोग गर्ने किसिमको वातावरण सृजना गरी उनीहरूलाई आफ्नो योजना आफैं बनाउन दिने की सम्पूर्ण आर्थिक गतिविधिको केन्द्रिकरण गरी समाजको स्रोतको बाँडफाँड गर्ने र योजनाकारले बनाएको योजना सबैलाई लागू गर्ने नै विवादको मूल मुद्दा हो ।

योजनाकारले योजना बनाउने प्रक्रियाको विरोधलाई उदारवादी मनस्थितिको उपज भन्दै बेवास्ता गर्न मिल्दैन । उदारवादी सोचले सबै कुरालाई यथास्थितिमा छाड्ने भन्दैन । यसले त मानव जातिको क्षमता र प्रयासलाई समन्वय गर्न प्रतिस्पर्धाको सक्दो सदुपयोग गर्ने कुरामा जोड दिन्छ । यो सोच, प्रभावकारी प्रतिस्पर्धा सृजना गर्नु नै व्यक्तिगत प्रयासहरूलाई समन्वय गर्ने सबैभन्दा राम्रो तरिका हो भन्ने विश्वासमा आधारित छ । यसले प्रतिस्पर्धालाई हितकारी बनाउन विचार पुऱ्याएर बनाएको कानूनी संरचना चाहिन्छ भन्ने कुरामा जोड दिन्छ ।

त्यसो त, उदारवादको विरोध गर्नेहरू यसले प्रतिस्पर्धालाई समाप्त गरी आर्थिक गतिविधिलाई निर्देशन गर्न अन्य गौण पद्धतिहरू ल्याउँछ भन्ने आक्षेप लगाउँछन् । तर त्यो सही होइन । उदारवादले प्रतिस्पर्धालाई नै सर्वोत्कृष्ट प्रणाली मान्दछ किनकि प्रतिस्पर्धा सबैभन्दा प्रभावकारी प्रणाली हुनुका साथै यस्तो प्रणाली पनि हो *जसमा राज्यको बल प्रयोग या स्वेच्छाचारी*

*हस्तक्षेप, दुवैको आवश्यकता हुँदैन ।* यसले समाजको सुनियोजित नियन्त्रण गर्ने प्रणाली हटाई व्यक्तिलाई कुनै पनि पेशासँग सम्बन्धित फाइदा र बेफाइदाको लेखाजोखा गरी त्यो पेशा आफ्ना लागि ठीक छ कि छैन भनेर आफैं निर्णय गर्ने अवसर दिन्छ ।

प्रतिस्पर्धाको सदुपयोगका लागि राज्यको हस्तक्षेप बिल्कुलै आवश्यक हुँदैन भन्ने पनि होइन । जस्तै काम गर्ने समय तोक्न, सुरक्षा र स्वास्थ्य सम्बन्धी पूर्वाधारहरूको कार्यान्वयन गराउन, प्रतिस्पर्धाको संरक्षणका लागि सार्वजनिक सुविधाहरू उपलब्ध गराउन राज्यको हस्तक्षेप जरूरी हुन्छ । साथै केही यस्ता क्षेत्रहरू छन् जहाँ प्रतिस्पर्धाको प्रणाली अव्यवहारिक पनि हुन सक्छ । जस्तै, वनजंगल फँडानी अथवा उद्योगबाट हुने वातावरणीय दुष्प्रभाव तथा प्रदूषणले त्यहीँका लाई मात्र प्रभाव पार्दैन, त्यसैले त्यहाँ राज्यको हस्तक्षेप आवश्यक हुन्छ । तर, नियम-कानुनको दायरा भित्र बाँध्नुपर्ने यस्ता केही उदाहरण दिएर सबै ठाउँमा प्रतिस्पर्धा हटाउनुपर्छ भन्न मिल्दैन । कुनै पनि अर्थतन्त्रमा राज्यका धेरै काम छन् । प्रतिस्पर्धा फस्टाउने किसिमको वातावरण सृजना गर्न, चोरी र ठगीबाट बचाउन, एकाधिकार हटाउन राज्यको भूमिका अवश्य पनि रहन्छ ।

राज्यको भूमिका हुन्छ भन्नुको अर्थ केन्द्रीकृत योजना र प्रतिस्पर्धात्मक प्रणालीबीचको मध्यम मार्ग अपनाउनु भनेको होइन । झ्वाट्ट सुन्दा यो बाटो सबैभन्दा उचित प्रतीत भए पनि यसले अन्ततः गलत दिशातिर लैजान्छ । केही हदसम्म प्रतिस्पर्धालाई नियममा बाँध्न आवश्यक भए तापनि यसमा योजना मिसायो भने यसले उत्पादनको प्रभावकारी निर्देशकका रूपमा काम गर्न छाड्छ । प्रतिस्पर्धा र केन्द्रीय निर्देशन दुवै अधुरो रहेमा दुवैले काम गर्दैनन् भने दुवैको मिश्रण गर्दा झन् काम हुन सक्दैन ।

प्रतिस्पर्धा बढाउने किसिमले योजना बनाइयो भने मात्र योजना र प्रतिस्पर्धालाई सँगसँगै लैजान सकिन्छ । हाम्रो आलोचना केवल त्यस्तो योजनाप्रति हो, जुन प्रतिस्पर्धाका विरूद्ध हुन्छ ।

## आदर्श राज्य

लोकतन्त्रमा आर्थिक गतिविधि केन्द्रीय निर्देशनबाट परिचालित हुनुपर्छ भन्नेहरू अझै पनि समाजवाद र व्यक्तिगत स्वतन्त्रतालाई साथसाथै अघि बढाउन सकिन्छ भन्ने विश्वास गर्दछन् । यद्यपि, अनेकौं दार्शनिकहरूले धेरै अघिदेखि नै स्वतन्त्रताको सबैभन्दा ठूलो खतरा समाजवाद हो भन्ने बोध गरिसकेका थिए ।

समाजवाद सुरूमा तानाशाही अवधारणा थियो भन्ने कुरा धेरैले सम्झिंदैनन् । फ्रान्सेली आन्दोलनमा उदारवादका विरूद्ध समाजवादको सुरूवात भएको थियो । समाजवादको जग बसाल्ने फ्रान्सेली लेखकहरूलाई आफ्नो विचारलाई एउटा तानाशाही सरकारले मात्र व्यवहारमा उतार्न सक्छ भन्ने कुरा राम्ररी थाहा थियो । पहिलो आधुनिक योजनाकार सेन्ट साइमनले त आफ्नो प्रस्तावित योजना समितिले बनाएको योजना नमान्नेहरूलाई पशुसरहको व्यवहार गरिने अपेक्षा गरेका थिए ।

लोकतन्त्रको समाजवादसँग कहिल्यै मेल हुन सक्दैन भन्ने कुरा महान राजनीतिक चिन्तक डी टकभिलले डेढ शताब्दी अघि नै अत्यन्त स्पष्ट रूपमा बोध गरिसकेका थिए । सन् १८४८ मा उनले भनेका छन्, “लोकतन्त्रले व्यक्तिगत स्वतन्त्रताको घेरालाई बढाएर लान्छ । यसले सबै व्यक्तिलाई सक्दो महत्व दिन्छ तर समाजवादले व्यक्तिलाई केवल एक साधन वा एउटा संख्याको रूपमा लिन्छ । लोकतन्त्र र समाजवाद बीच ‘समानता’ भन्ने एउटा शब्द बाहेक अरू कुनै कुरा साझा छैन । तर, यो शब्दबाट लोकतन्त्रमा स्वतन्त्रताको समानतालाई लक्षित गरिन्छ भने समाजवादमा नियन्त्रण र दासत्वको समानतालाई ।”

समाजवाद विरूद्धको यस्तो शंका हटाउन र स्वतन्त्रता जस्तो सबैले माग गर्ने राजनीतिक मुद्दालाई उपयोग गर्न समाजवादीहरूले “नयाँ स्वतन्त्रताको प्रत्याभूति” को शब्दजाल सृजना गरे । समाजवादको नयाँ अर्थ “आर्थिक

स्वतन्त्रता” हुन थाल्यो र यो विना राजनीतिक स्वतन्त्रता पाएर पनि केही उपलब्धि हुन सक्दैन भन्ने तर्कहरू सुनिन थाले ।

यस तर्कलाई सर्वमान्य बनाउन स्वतन्त्रता शब्दको अर्थ र बुझाइमा नै परिवर्तन ल्याइयो । पहिले स्वतन्त्रताको अर्थ भय र स्वेच्छाचारी शक्ति प्रयोगबाट मुक्ति भन्ने बुझिन्थ्यो । तर अब स्वतन्त्रतालाई आर्थिक अभाव र परिस्थितिको बाध्यताबाट मुक्तिको रूपमा परिभाषित गरियो । यसबाट ‘स्वतन्त्रता’ भन्ने कुरा धन र शक्ति भन्दा फरक नभएको जस्तो देखिन थाल्यो । यसरी परिभाषित गरिएको नयाँ स्वतन्त्रता भनेको केवल पुरानो धनको पुर्नबाँडफाँडको माग मात्र थियो ।

आधुनिक समाजवादीहरूको चासो सही भए तापनि, हालसालै आएर धेरै पर्यवेक्षकहरू समेत समाजवादका अप्रत्याशित परिणामहरू साम्यवाद र फासीवादसँग मिल्न गएको देखेर छक्क परेका छन् । सन् १९३९ मा पिटर डुकरले भनेका थिए, “मार्क्सवादी चिन्तन अपनाएर पनि स्वतन्त्रता र समानता हासिल गर्न नसकेपछि रुस जस्तो मुलुक पनि स्वतन्त्रता नभएको र असमानताले भरिएको जर्मनीको जस्तो सर्वसत्तावादको बाटो पछ्याउन बाध्य देखिन्छ । भनाइको मतलब साम्यवाद र फासीवाद एउटै हो भन्ने चाहिं होइन । साम्यवाद एउटा तृष्णा मात्र रहेछ भन्ने महसुस भएपछि आउने चरण हो फासीवाद ।”

सन् १९३३ अघि जर्मनीको नाजीवादी र साम्यवादी आन्दोलनको संरचनालाई बुद्धिजीवीले हेर्ने दृष्टिकोण पनि महत्वपूर्ण छ । कुनै साम्यवादी कति सजिलै नाजीवादी हुन सक्थ्यो वा कुनै नाजीवादी कति सजिलै साम्यवादी हुन सक्थ्यो भन्ने कुरा सबैभन्दा राम्ररी पार्टीका प्रोपागन्डा फैलाउनेहरूले बुझेका थिए । नाजीवादी र साम्यवादी सबैभन्दा बढी एक-अर्कासँगै लड्दथे किनभने उनीहरूको लक्ष्य प्रायः एउटै थियो र दुवैले एक-अर्काको अपरम्परागत धारणालाई घृणा

गर्दथे । उनीहरूको व्यवहारले नै उनीहरूबीचको समानता झल्काउँथ्यो । तर दुवैका लागि, आफूहरुसँग कहीं मेल नखाने, उदारवादी सबैभन्दा ठूलो साझा शत्रु थियो । नाजीवादीलाई साम्यवादी, साम्यवादीलाई नाजीवादी र दुवैलाई समाजवादी भनेका सही सोचका पक्षधरहरू हुन् जस्तो लाग्दथ्यो । तिनलाई व्यक्तिगत स्वतन्त्रतामा विश्वास गर्ने उदारवादीसँग आफूहरूको केही पनि मेल खाँदैन भन्ने कुराको राम्ररी बोध थियो ।

समाजवादीहरूद्वारा स्वतन्त्रताको बाटो भनी व्याख्या गरिएको प्रणाली वास्तवमा दासत्वको बाटो हो । लोकतन्त्रले योजनाको बाटो अपनाउँदा कस्तो परिणाम निस्कन्छ भन्ने कुरा देख्न त्यत्ति गाह्रो छैन । योजनाका उद्देश्यहरू “सर्वसाधारणको हक-हितका लागि” जस्ता खोक्रा र अस्पष्ट शब्दले भरिएका हुन्छन् । अन्तिम उद्देश्य के हासिल गर्ने भन्ने कुरामा एकमत हुँदैन । अन्तिम उद्देश्यको टुङ्गो नभई केन्द्रीकृत योजना प्रणालीमा सहमति गर्नु भनेको गन्तव्यको टुङ्गो नलगाई एउटै साधनमा विभिन्न व्यक्तिले यात्रा गर्नु जस्तै हो । यसको फलस्वरूप कसैले नचाहेको ठाउँको यात्रा गर्नुपर्ने पनि हुन सक्छ ।

लोकतान्त्रिक संस्थाहरूले योजनाको निकायको काम गर्न सक्दैनन् । लोकतान्त्रिक संस्थाले सबै कुरामा सहमति जुटाउन पनि सक्दैनन् । राज्यको सम्पूर्ण स्रोत कता लगाउने भन्ने विषयमा असंख्य संभावनाहरू हुन सक्छन् । संसदले हरेक मुद्दामा केही सम्झौता गर्दै बिस्तारै सहमति अघि बढाए पनि अन्त्यमा यसको परिणामबाट कोही पनि सन्तुष्ट हुँदैन ।

यस्तो प्रक्रियाबाट कुनै आर्थिक योजना बनाउन लोकतान्त्रिक प्रक्रियाबाट सैन्य योजना बनाउन भन्दा गाह्रो हुन्छ । रणनीति बनाउँदा जस्तै काम पनि आखिरमा विज्ञहरूलाई नै सुम्पनुपर्छ र यस्तो उपायबाट कथंकदाचित् लोकतन्त्रमा सबै आर्थिक कार्यका योजनाहरु बनाइयो भने पनि, यी सबै योजनालाई समाहित गर्दै एउटा ठूलो योजना बनाउन चुनौतीपूर्ण नै हुन्छ । यसले गर्दा एकै व्यक्ति

या कुनै एक संस्थालाई योजनाको सम्पूर्ण कार्यभार दिनुपर्छ भन्ने मागहरू बढ्दै जान्छन् । योजनाको अभियानको एउटा महत्वपूर्ण चरण आर्थिक एकाधिकार बोकेको अधिनायकको माग हो ।

यसरी व्यवस्थापिका संसदले सम्पूर्ण शक्ति केन्द्रीकृत भएको एक व्यक्ति छान्नुपर्ने बाध्यात्मक अवस्था सृजना हुन्छ । यस क्रममा सम्पूर्ण राज्य संरचना नै एकाधिकार रहेको तानाशाहीतर्फ उन्मुख हुन थाल्छ । यस्तो व्यवस्थामा सरकारप्रमुख हरेक पटकको निर्वाचनमा अत्याधिक मत ल्याई विजयी बन्न पुग्छ । निर्वाचनको परिणाम आफूले चाहेको दिशामा ढाल्ने शक्ति र अधिकार उसले आफैंमा निहित गरेको हुन्छ ।

यसप्रकार योजनाले अधिनायकवादलाई निम्त्याउँछ । अधिनायकवाद नै भय र जबरजस्ती गर्ने सबैभन्दा प्रभावशाली व्यवस्था पनि हो । केन्द्रीकृत योजनालाई सफल पार्न यस्तो व्यवस्था अपरिहार्य हुन्छ । लोकतान्त्रिक प्रक्रियाबाट हासिल भएको शक्तिको मनपरी प्रयोग हुन सक्दैन भन्ने विश्वासको कुनै आधार छैन । अधिनायकवादबाट मुक्त हुने हो भने शक्तिलाई सीमित पनि गर्नुपर्छ । लोकतान्त्रिक रूपमा हासिल भएको ‘सर्वहारावर्गकै अधिनायकवाद’ले पनि यदि केन्द्रीकृत आर्थिक योजना प्रणाली अपनायो भने यसले कुनै अन्य अधिनायकवादले झैं व्यक्तिगत स्वतन्त्रता नष्ट गर्छ ।

सम्पूर्ण समाजमाथि स्थायी रूपमा एक उद्देश्यको आधिपत्य कायम हुँदा हामीले व्यक्तिगत स्वतन्त्रता हासिल गर्न सम्भव छैन । युद्धका बेला कुनै हदसम्म हामीले यस्तो अवस्थाको अनुभव गरेका हुन्छौं, जब दीर्घकालीन स्वतन्त्रताको संरक्षणका लागि हामी आफ्ना अल्पकालीन माग तथा आवश्यकताहरू बिर्सन तयार हुन्छौं । युद्धका बेला गरेको त्याग शान्तिका लागि पनि गर्नुपर्छ भन्ने रमाइला तर भ्रामक कुरा धेरै सुनिन्छन् । दीर्घकालीन स्वतन्त्रताको संरक्षणका लागि केही समयका निम्ति आफ्नो स्वतन्त्रता परित्याग गर्नु एउटा कुरा हो, तर

योजनाबद्ध अर्थतन्त्रका लागि स्थायी रूपमा स्वतन्त्रता परित्याग गर्नु त्योभन्दा बिलकुलै फरक हुन्छ ।

समाजवाद र फासीवादलाई नजिकबाट नियाल्नेहरूले यी दुई व्यवस्था बीचको सम्बन्ध प्रस्ट देख्न सक्छन् । समाजवादी कार्यक्रम लागू हुनु भनेको स्वतन्त्रता नष्ट हुनु हो । विगतको पुस्ताको आदर्श सपनाको रूपमा रहेको लोकतान्त्रिक समाजवाद हासिल हुन सम्भव नै छैन ।

## किन सबैभन्दा खराब माथि पुग्छन्

अमेरिकी या बेलायती फासीवादी व्यवस्था इटाली वा जर्मनीको भन्दा फरक हुन्छ र यदि फासीवाद तर्फको संक्रमण अहिंसात्मक भयो भने हामीले अझ राम्रो नेता पाउन पनि सक्छौं - यसमा कुनै शंका नहोला । तर यसको मतलब हामीकहाँ आएको फासीवादी व्यवस्था इटाली र जर्मनीको भन्दा ज्यादै फरक र सहज हुन्छ भन्ने चाहिं होइन । सर्वसत्तावादी व्यवस्थाका केही त्यस्ता दुर्गुण छन् जुन ढिलोचाँडो हामीसामु अवश्य देखापर्छन् ।

आर्थिक क्रियाकलापको योजना बनाउन अघि सरेका लोकतान्त्रिक नेताले कुनै न कुनै बेला अधिनायकवादको बाटो या योजनाको असफलता मध्ये एकलाई छान्नु परे जसरी नै सर्वसत्तावादी नेताले पनि कुनै न कुनै बेला असफलता या नैतिकताको अवहेलना मध्ये एकलाई छान्नैपर्छ । यही कारणले गर्दा सर्वसत्तावादी तर्फ उन्मुख समाजमा अनैतिक व्यक्ति निकै सफल हुन्छन् । यो तथ्यलाई नकार्नेहरूले अहिलेसम्म पनि सर्वसत्तावाद र पश्चिमा सभ्यताको व्यक्तिवाद बीचको ठूलो भिन्नतालाई बुझेका छैनन् ।

सर्वसत्तावादी नेताले आफ्नो वरिपरि दमनको बाटोलाई स्वेच्छाले स्वीकार्ने एउटा जमात तयार पार्नुपर्छ, जसले बाँकी जनतामाथि दमन लादछ । विगतमा

अधिकांश समाज सुधारकहरूले समाजवाद लागू गर्नका लगि समाजवादी स्वयंले स्वीकार गर्न नसक्ने उपायहरू अपनाउनुपर्ने रहेछ भन्ने पाठ सिकिसके । पुराना समाजवादी पार्टीहरू लोकतान्त्रिक आदर्शबाट निर्देशित थिए । उनीहरू आफूले रोजेको उद्देश्य कार्यान्वयन गर्न क्रूरता अपनाउन तयार थिएनन् । जर्मनी र इटाली, दुवै मुलुकमा समाजवादीहरूले सरकारको यो क्रूरतापूर्ण दायित्व सम्हाल्न अस्वीकार गरेपछि नै फासीवादको जन्म भएको हो । वास्तवमा, आफैंले इङ्गित गरेको बाटो हिंड्न उनीहरूले अस्वीकार गरे । बहुमतले स्वीकारेको कुनै विशेष योजना समाजका सबै तप्कालाई स्वतः स्वीकार्य हुन्छ भन्नेमा उनीहरूको विश्वास थियो । तर 'योजनाबद्ध' समाजमा बहुमतले केमा सहमति जुटाउँछ भन्ने प्रश्न होइन, सबै कामलाई एकात्मक रूपले एउटै दिशामा कसरी अघि बढाउने भन्ने प्रश्न चाहिं महत्वपूर्ण हुन्छ भन्ने पाठ अरूले सिकिसकेका थिए ।

सर्वसत्तावादी सोचबाट निर्देशित नेताले तयार पारेका समूहहरू मूलतः गलत उद्देश्य बोकेका व्यक्तिहरूका जमात बन्न पुग्छन्, जसका तीन प्रमुख कारण रहेका छन् :

पहिलो, व्यक्तिको शिक्षा र विवेक जति जति बढ्दै जान्छ, उनीहरूको विचार या सोचमा उति उति भिन्नता आउन थाल्छ । एकैनासको सोच या विचार खोज्नका लागि नैतिकता र विवेकको तल्लो तहमा झर्न आवश्यक पर्छ जहाँ जङ्गली प्रवृत्ति हावी हुन्छ । यसको आशय बहुमत जनताको नैतिकता तल्लो स्तरको हुन्छ भन्ने होइन । यसको आशय त मूल्य र मान्यता मिल्ने सबैभन्दा ठूलो समूहका सदस्यको चाहिं नैतिकतामा प्रश्नचिन्ह लाउन सकिन्छ भन्ने हो ।

दोस्रो, आफ्ना प्रयासहरूलाई वैधानिकता दिलाउन पर्याप्त रूपमा ठूलो समूह उपलब्ध नभएपछि, नेताले लहैलहैमा लाग्नेहरूको भीड बढाउन खोज्दछ । सर्वसत्तावादी नेताले पनि आफ्नो सोच तथा अडान नभएका र अरूको

लहैलहैमा सजिलै लाग्नेहरूको जमात भेला गरी उनीहरूबाट सहमति जुटाउन थाल्छ । यस क्रममा, आफ्नो अडान नभएकाहरू र विवेकमा भन्दा पनि आवेशमा बहकिनेहरू छिट्टै सर्वसत्तावादी पार्टीका ठूलठूला ओहोदामा पुग्दछन् ।

तेस्रो, यसरी भेला गरिएको जमातलाई एउटा साझा उद्देश्यमा बाँध्नका लागि उनीहरूमा रहेको नकारात्मक प्रवृत्तिको भरपूर उपयोग गरिन्छ । तिनलाई सकारात्मक भन्दा नकारात्मक कार्यक्रमका लागि सहमतिमा बाँध्न सजिलो हुन्छ । यस क्रममा नेताले सबैको साझा शत्रु औंल्याइदिन्छ र त्यसको आलोचना र घृणामा उनीहरूलाई व्यस्त बनाइदिन्छ । यस्ता शत्रु आन्तरिक (जस्तै जर्मनीका यहुदीहरू वा रुसका कुलाकहरू) पनि हुन सक्छन् र देश बाहिर खोजिएका (जस्तै, साम्राज्यवादी आदि) पनि हुन सक्छन् ।

सर्वसत्तावादी पार्टी या समूहमा कुनै पनि व्यक्तिले कत्तिको अनैतिक काम गर्नसक्छ भन्ने कुराले उसको प्रगतिलाई निर्धारित गर्दछ । साध्यले साधनको औचित्य सिद्ध गर्छ भन्ने अनैतिक अवधारणा नै त्यस्तो पार्टी वा समूहको नैतिकताको प्रमुख सिद्धान्त बन्न पुगेको हुन्छ । त्यसको सदस्यले "सबैको भलाइका निमित्त" जे पनि गर्न तयार हुनुपर्छ किनभने उसको राम्रो कामको मापन गर्ने एकमात्र आधार नै "सबैको भलाइ" बन्न पुग्छ ।

समाज वा राष्ट्र नै सर्वोपरि हो र उसको साध्यलाई पूरा गर्न व्यक्ति एउटा साधन मात्र हो भन्ने मान्न थालिएपछि सर्वसत्तावादका भयावह पक्ष र रूपहरूले क्रमैसंग हामीलाई पछ्याउन थाल्छन् । समाजवादीको दृष्टिकोणमा उनीहरूका विपक्षमा कुरा राख्नेलाई दबाउनु, त्यस्ता व्यक्तिको जीवन र खुसीलाई अनादर गर्नु, तिनलाई छलकपट गर्नु अनिवार्य र अपरिहार्य कार्य हुन् । बन्धक बनाइएका निरीह मानिसको हत्या, बुढापाका वा बिरामीको हत्या जस्ता हामीलाई सुन्दै आङ सिरिङ्ग हुने कार्यहरू उनीहरूका लागि आन्दोलन द्रुत गतिमा अघि बढाउने रणनीति मात्र हुन्छन् । यसैगरी, लाखौंको संख्यामा रहेका मानिसहरूलाई

जबर्जस्ती आफ्नो बासस्थान छोड्न बाध्य पारिएका घटनाहरू ती पीडित बाहेक सबैलाई स्वीकार्य उत्कृष्ट काम भएको उनीहरू ठान्दछन् ।

कुनै पनि सर्वसत्तावादी राज्यमा कसैले पनि आफूलाई उपयोगी व्यक्ति साबित गर्न र राज्यबाट फाइदा लिन मानवीय नैतिकतालाई पूरै बिर्सेर काम गर्न तयार हुनुपर्छ । क्रूर र अनैतिक व्यक्तिका लागि सर्वसत्तावादी राज्यमा धेरै विशेष अवसरहरू हुन्छन् । यस्ता राज्यमा कुनै यातनागृह वा बन्दी शिविरको व्यवस्थापन अथवा प्रचार-प्रसार मन्त्रालय वा गुप्तचर निकायका काममा मानवीय संवेदनाको कुनै स्थान हुँदैन । सर्वसत्तावादी पार्टीमा यस्तै ठाउँमा काम गरेको अनुभवले सबैभन्दा उच्च पदमा पुऱ्याउँछ ।

प्रख्यात अमेरिकी अर्थशास्त्री प्रा. फ्रेंक एच. नाइटले लेखेका छन्, “समूहलाई महत्व दिने (समाजवादी) राज्यका पदाधिकारीहरूले यी कामहरू चाहेर होस् वा नचाहेर, गर्नैपर्छ । यस्तो राज्य व्यवस्थामा शक्ति नचाहने या यसलाई दुरूपयोग गर्न नचाहने कुनै भलादमी व्यक्ति सत्ता सम्हाल्न पुग्छ भन्ने कल्पना गर्नु भनेको “दासहरूलाई कुट्ने व्यक्ति कमलो हृदयको हुन्छ” भनेर आस गर्नु जस्तै हो ।

अझ बिर्सन नहुने कुरा त के हो भने, समूहवाद वा समाजवाद भनेकै सत्यको अन्त्य हो । सर्वसत्तावादी व्यवस्थालाई सफल पार्नका लागि सत्तामा भएकाहरूको आदेश अनुसार बाँकी सबैलाई जबरजस्ती काम गर्न लगाएर मात्र पुग्दैन । सम्पूर्ण जनताले सत्ताधारीहरूको उद्देश्य नै आफ्नो पनि साध्य हो भन्ने सोच विकास गर्न समेत अपरिहार्य हुन्छ । यसका निम्ति सूचनाका सम्पूर्ण स्रोतलाई नियन्त्रणमा लिइन्छ र सत्ताधारीका उद्देश्यलाई एकतर्फी रूपमा धुवाँधार प्रचार गरिन्छ ।

सत्ताधारीका मूल्य र मान्यता सबै जनतालाई आत्मसात् गराउने सबैभन्दा प्रभावकारी तरिका भनेको यी उनीहरूका पहिलेदेखिकै मूल्य-मान्यता हुन् र अहिलेसम्म यिनलाई राम्ररी बुझिएको रहेनछ भन्ने विश्वास दिलाउनु हो । र, यसो गर्ने सबैभन्दा प्रभावकारी उपाय चाहिं पुरानै महत्वपूर्ण शब्दको प्रयोग

गरेर ती शब्दको अर्थ फेरिदिनु हो । सर्वसत्तावादका यस्ता केही चरित्रहरू सतही विश्लेषकहरूका लागि एकदम अनौठा लाग्न सक्छन् । तर, भाषालाई यसरी विकृत बनाउनु नै सर्वसत्तावादमा बुद्धिजीवी वर्गको एक प्रमुख चरित्र पनि हो ।

सर्वसत्तावादमा सबैभन्दा बढी दुरूपयोग हुने शब्द "स्वतन्त्रता" नै हो । सर्वसत्तावादी राज्यमा यसलाई अत्यधिक प्रयोग गरिन्छ । वास्तवमा, जहाँ स्वतन्त्रताको सबैभन्दा बढी हनन भएको छ, त्यहाँ यो काम जनतालाई नयाँ स्वतन्त्रता दिलाउने नाममा भएको छ । हामीबीच पनि यस्ता धेरै योजनाकारहरू हुनसक्छन् जसले हामीलाई सामूहिक स्वतन्त्रताको आश्वासन दिन्छन् तर यो सर्वसत्तावादी राजनीतिज्ञहरूले आश्वासन दिने "स्वतन्त्रता" जस्तै भ्रामक हुन्छ । "सामूहिक स्वतन्त्रता" भनेको समाजका हरेक व्यक्तिको स्वतन्त्रता होइन । यसको अर्थ योजनाकारलाई जनताका नाममा मनपरी गर्ने स्वतन्त्रता मात्रै हो । यो स्वेच्छाचारी रूपमा गरीने शक्तिप्रयोगको चरम उदाहरण हो ।

बहुमतलाई स्वतन्त्ररूपमा सोच्नबाट रोक्न त्यत्ति गाह्रो हुँदैन । तर आलोचना गर्ने अल्पसंख्यकहरूलाई चूप लगाउनु पनि जरुरी हुन्छ । राज्यका विरूद्ध सार्वजनिक रूपमा आलोचना गर्ने या राज्यको कामलाई शंकाको दृष्टिले हेर्ने सबैलाई दबाउन जरूरी हुन्छ किनभने यस्ता अभिव्यक्तिले राज्यमा सत्ताधारीको पकड कमजोर गराउन सक्छन् । सिड्नी र वियाट्रिस वेबले रूसका उद्योगको स्थिति सम्बन्धी प्रतिवेदनमा उल्लेख गरेका छन् : "काम हुँदै गर्दा, सार्वजनिक रूपमा, कसैले पनि सम्बन्धित योजनाको सफलताका बारेमा प्रश्न उठायो भने उसलाई काममा इमान्दार नभएको देखि राष्ट्रद्रोही सम्मको आरोप लगाइन्छ, जसको अभिप्राय काम गरिरहेका अन्य व्यक्तिहरूले उसको भनाइलाई सदैव गलत ठानून् र उत्तिकै तन्मयतापूर्वक काम गरिराखून् भन्ने हो ।"

राजनीतिक रूपमा खासै महत्व नरहेका विषयवस्तुमा पनि क्रमशः नियन्त्रण गर्न थालिन्छ । उदाहरणका लागि, सापेक्षताको सिद्धान्तलाई "ईसाई र नोर्डिक भौतिक विज्ञानको मूल सिद्धान्तमाथिको प्रहार" मानिन्छ किनभने यो द्वन्द्वात्मक

भौतिकवाद र मार्क्सवादी चिन्तनका विरूद्ध छ । *प्रत्येक* कार्यको औचित्य सामाजिक उद्देश्यबाट निर्धारित हुन थाल्छ । स्वतस्फूर्त रूपमा जनचाहना अनुसारको काम हुन दिइँदैन किनभने यसले अनपेक्षित नतिजा ल्याउँछ र यस्तो कार्यलाई योजनाले समेटेको हुँदैन ।

बौद्धिक स्वतन्त्रताको दमन सर्वसत्तावादी व्यवस्था स्थापना भएपछि मात्र हुनथाल्छ भन्नु पनि गलत हुन्छ । सबैभन्दा त्रासदीपूर्ण कुरा त, यस्तो दमन समूहवादमा विश्वास राख्ने सबैखाले व्यवस्थामा पाइन्छ भन्ने तथ्य हो । समाजवादको नाममा गरिएको कुनै पनि दमनलाई क्षम्य मानिन्छ र फरक मतप्रतिको असहिष्णुताको गुणगान गाइन्छ । समूहवादी विचारको विडम्बना नै के हो भने, यसले विवेकको श्रेष्ठतालाई स्थापना गर्न खोज्दा विवेकलाई नै नष्ट गर्न पुग्छ ।

समूहवादको विकाससँगै हाम्रो नैतिक मूल्य र मान्यतामा आएको एउटा परिवर्तनलाई यहाँ विशेष रूपमा उल्लेख गर्न आवश्यक छ । कुनैबेला अंग्रेज जातिले न्यायोचित रूपमा गर्व गर्ने कतिपय मूल्य र मान्यताहरू अचेल अमेरिका र बेलायतमा दिनप्रतिदिन अवमूल्यन हुँदैछन् । यस्ता मूल्य-मान्यताहरू हुन्: स्वतन्त्रता र आत्मनिर्भरता, व्यक्तिगत पहलहरू र स्थानीय जिम्मेवारी, पारस्परिक निर्भरता, छरछिमेकमा अहस्तक्षेप, विविधताप्रति सहिष्णुता, शक्ति तथा अधिकारप्रति सकारात्मक सन्देह । अमेरिका र बेलायतको नैतिक चरित्र निर्धारण गर्दै आएका यी मूल्यमान्यता, परम्पराहरू र यससम्बन्धी संस्थागत व्यवस्थाहरू समूहवादी चिन्तन र केन्द्रीकरणको चलनले विस्तारै ध्वस्त बन्दै गइरहेका छन् ।

## योजना की विधिको शासन

एउटा स्वतन्त्र देश र स्वेच्छाचारी सरकारद्वारा शासित देशबीचको सबैभन्दा ठूलो भिन्नता नै स्वतन्त्र देशमा पालना गरिने विधिको शासन हो । विधिको शासनको अर्थ, एकदमै सरल रूपमा भन्दा, सरकारलाई हरेक काम गर्दा निश्चित र पूर्वघोषित नियममा बाँध्नु हो । यो भनेको निश्चित परिस्थितिमा सरकारले आफूसँग भएको दमनकारी शक्ति कसरी प्रयोग गर्छ भन्ने पूर्व जानकारी पाएर सोही अनुरूप जोसुकैले आफ्नो व्यक्तिगत योजना बनाउन सक्ने परिस्थिति पनि हो । विधिको शासन भएको स्वतन्त्र मुलुकमा कुनै पनि व्यक्ति आफूले गर्ने काममा सरकारले स्वेच्छाचारी रूपमा हस्तक्षेप गर्न सक्दैन भन्नेबारे ढुक्क भएर आफ्नो लक्ष्य निर्धारण गर्न र त्यस अनुसार काम गर्न स्वतन्त्र हुन्छ ।

समाजवादी आर्थिक योजनाले यसको ठीक विपरीत परिस्थिति सृजना गर्छ । योजना बनाउने निकायले स्वेच्छाचारी प्रवृत्ति नियन्त्रण गर्नका लागि आफूलाई नियममा बाँध्न सक्दैन । परिस्थिति कस्तो बन्दै जान्छ भने, कहाँ कतिवटा सुँगुर पाल्ने भन्नेदेखि कतिवटा बस चलाउन भन्नेसम्म र कतिवटा कोइला खानी चलाउने भन्नेदेखि कुन जुत्ता कति रूपैयाँमा बेच्ने भन्नेसम्मको निर्णय सरकारी निकायले गर्न थाल्छन् । स्वभावतः यस्ता निर्णयहरू दीर्घकालीन नभई नितान्त परिस्थितिजन्य हुन्छन् र यस्ता निर्णय गर्दा जहिले पनि केही व्यक्ति या समूहको निहित स्वार्थलाई ध्यानमा राखेर गर्नु जरूरी हुन्छ ।

अन्ततोगत्वा, कुनै निश्चित व्यक्तिको धारणाले कसको स्वार्थलाई बढी महत्व दिने भन्ने कुराको निर्धारण गर्छ र तिनै धारणाहरू त्यस ठाउँका लागि कानुन बन्न पुग्दछन् । त्यसैले, जति जति राज्यले ‘योजना’ बनाउँछ त्यति त्यति व्यक्तिलाई आफ्नो योजना बनाउन गाह्रो पर्छ ।

यसरी शासनका यी दुई पद्धतिबीचको फरक महत्वपूर्ण छ । यो फरक भनेको जनतालाई सांकेतिक रूपमा दिशानिर्देश गर्नु र जनतालाई जबर्जस्ती कुनै बाटोमा हिँड्नका लागि आदेश दिनु बीचको भिन्नता जस्तै हो ।

त्यसमाथि, केन्द्रीय योजना प्रणालीमा सरकार निष्पक्ष रहन सक्दैन । राज्य व्यक्तिलाई आफ्नो विकासका अवसरहरू हासिल गर्न सघाउने उपयोगी संस्थाको सट्टा निश्चित व्यक्तिको निश्चित माग पूरा गर्ने खालको विभेदकारी संयन्त्रमा रूपान्तरित हुन पुग्छ । यस क्रममा, कुनै व्यक्ति कति धनी हुन पाउने र कसले कति सम्पत्ति राख्न पाउने जस्ता कानुन राज्यले बनाउन थाल्छ ।

विधिको शासन भनेकै राज्य वा त्यस अन्तर्गतको कुनै शक्ति-संयन्त्रले केही व्यक्ति वा समूहलाई कानुनी छुट दिन नपाउने व्यवस्था हो, जहाँ कानुनका अघि सबै समान हुन्छन् । यस्तो व्यवस्थाले जनतालाई स्वेच्छाचारी सरकारबाट बचाउँछ । तर समाजवादी (नाजीवादी सहित) हरूले समानतामा आधारित यस्तो व्यवस्थाको सधैं आलोचना गरेको पाइन्छ । उनीहरू कानुनका अगाडि सबै समान हुने व्यवस्थाको विरोध गर्दै कानुनको 'समाजवादीकरणको' माग राख्दछन् र न्यायाधीशहरूको निष्पक्षतामाथि आक्रमण गर्दछन् ।

समाजवादी व्यवस्थामा कानुनले राज्यका सबै उद्देश्य र अभिप्रायलाई कानुनी मान्यता दिनुपर्छ । यदि कानुनले कुनै समिति या सरकारी निकायले जे गरे पनि हुन्छ भन्छ भने त्यो निकायले जे गरे पनि कानुनसम्मत बन्न पुग्छ र यस्तो निकायलाई विधिको शासनले छुँदैन । यसरी सरकारलाई असीमित शक्ति प्रदान गरेर उसको स्वेच्छाचारि शासनलाई पनि कानुनी जामा पहिऱ्याउन सकिन्छ । यसले लोकतन्त्रमा सोच्नै नसकिने निरंकुशतालाई जन्म दिन सक्छ ।

विधिको शासनको जन्म उदारवादी चिन्तनको विकास सँगसँगै भएको हो र यो उदारवादी चिन्तनको सबैभन्दा ठूलो उपलब्धि पनि हो । यो स्वतन्त्रताको सही कानुनी प्रारूप पनि हो । इम्यानुयल क्यान्टले भनेझैं, "मान्छेले स्वतन्त्रता तब

हासिल गर्छ जब उसले कुनै व्यक्तिको आदेशको पालना नगरी कानुनको मात्र पालना गरे पुग्छ ।"

## के योजना 'अनिवार्य' हुन्छ ?

आजभोलि कमै योजनाकारहरुले मात्र केन्द्रीकृत योजना प्रणाली वाञ्छनीय उपाय हो भन्ने गर्छन् र यसबाटै हामीले धेरै कुरा बुझ्न सक्छौं । साथै अधिकांश योजनाकारहरुले हामी आफ्नो नियन्त्रणमा नभएको परिस्थितिले केन्द्रीकृत योजना प्रणालीतर्फ तानिदै जान्छौं भन्ने कुरा स्वीकार्ने गरेका छन् ।

आधुनिक सभ्यताको जटिलतालाई केन्द्रीकृत योजना प्रणालीको पक्षमा प्रस्तुत गर्ने प्रचलन पनि नभएको होइन । यस तर्कका अनुसार आधुनिक सभ्यताको जटिलताले पैदा गर्ने नयाँ समस्याहरूलाई प्रभावकारी रूपमा केन्द्रीकृत योजना प्रणालीबाट मात्र सुल्झाउन सकिन्छ । यस्तो तर्कले प्रतिस्पर्धाको कार्यविधिका बारेमा केही गलत अवधारणाहरू बोकेको हुन्छ । यर्थाथमा आधुनिक समाजको यही जटिलतालाई समन्वय गर्न सम्भव बनाउने एउटै मात्र प्रणाली प्रतिस्पर्धा हो ।

यदि परिस्थिति सरल भइदिएको भए र कुनै व्यक्ति अथवा निकायले सर्वेक्षण गरेर सम्पूर्ण तथ्य पत्ता लगाउन सक्ने भए प्रभावकारी नियन्त्रण र योजनामाथि कुनै प्रश्न नै उठ्दैन थियो होला । तर, ध्यान दिनुपर्ने सूचनाहरू जति जटिल र असंख्य हुँदै जान्छन् त्यति नै कुनै एउटा केन्द्रले ती सबै सूचना संकलन गरेर राख्ने कार्य पनि असम्भव हुँदै जान्छ । माग र आपूर्तिको यो निरन्तर परिवर्तन हुने परिस्थितिबारे कुनै एक केन्द्रले कहिल्यै पनि पूर्ण जानकारी लिन र त्यसलाई उचित रूपमा तत्काल प्रवाह गर्न सक्दैन ।

प्रतिस्पर्धामा - र कुनै आर्थिक योजना नहुँदा - यी सूचनालाई मूल्य प्रणालीले स्वतः संकलन गरेर राख्दछ । कुनै इन्जिनियरले मापनका काँटाहरू नियाले

जस्तै, उद्यमीहरूले आफूलाई आवश्यक हुने मूल्यहरू सतर्कतापूर्वक नियालेर, आफ्नो गतिविधिलाई बजारको वातावरणसँग मेल खाने गरी आफैं परिवर्तन गर्दछन् । यस प्रणालीसँग दाँजेर हेर्दा केन्द्रीकृत योजना प्रणाली अत्यन्त प्राचीन, रूढिवादी, प्रभावहीन र एकदमै संकीर्ण देखिन्छ। यदि हामी औद्योगिक विकासका लागि केन्द्रीकृत योजना प्रणालीमै निर्भर भएर बसेको भए आजसम्मको औद्योगिक विशेषज्ञता र लचिलोपन शायदै हासिल गर्थ्यौं होला । कुनै केन्द्रीकृत निकायले योजना बनाएर सृजना गर्न नलगाएको भएर नै मानवीय सभ्यता र विकास आजको अवस्थामा आइपुग्न सम्भव भएको हो । दिन प्रतिदिन आर्थिक जटिलता वृद्धि हुँदै जाँदा त्यसको समाधानका लागि केन्द्रीकृत योजना प्रणालीको आवश्यकता बढ्नुको साटो प्रतिस्पर्धामा भर पर्नुपर्ने अवस्था बढ्दै गइरहेको छ।

प्रविधिको कारणले धेरै क्षेत्रमा प्रतिस्पर्धा असम्भव भएको छ र हामी सामु रहेको विकल्प भनेको उत्पादनमा निजी वा सरकारी एकाधिकारलाई स्वीकार्नु नै हो भन्ने तर्कहरू पनि नसुनिने होइनन् । तर यसको कारक प्रविधिको विकास नभई धेरै देशले अपनाएको नीति नै रहेको देखिन्छ ।

यसका बारेमा सबैभन्दा गहन अध्ययन, कुनै पनि दृष्टिले उदारवादी सोचतिर झुकाव नभएको "अल्पकालीन राष्ट्रिय समिति"ले गरेको पाइन्छ जसको निष्कर्ष यस प्रकार छ :

*ठूला उद्योगहरूको प्रभावकारिता उच्च हुन्छ भन्ने कुराको अहिलेसम्म पुष्टि हुन सकेको छैन; प्रतिस्पर्धालाई मार्ने किसिमका फाइदाहरू केही पनि पाइएको छैन ....त्यसैले ठूला उत्पादकहरूले आफ्नो आकारको फाइदा उठाउँदै अन्ततोगत्वा प्रतिस्पर्धालाई ठाउँ दिदैनन् भन्ने निष्कर्षलाई स्वीकार्न सकिंदैन ... एकाधिकारहरू धेरैजसो अवैधरूपमा गरिएको मिलेमतो र यसलाई प्रवर्धन गर्ने सार्वजनिक नीतिको प्रतिफलका रूपमा देखिएका छन् । यस्ता तर्कहरूको युक्तिसंगत आलोचना गरी एकाधिकारलाई प्रवर्धन गर्ने सार्वजनिक*

*नीतिहरू खारेज गरेर पुनः पनि प्रतिस्पर्धाका लागि उपयुक्त वातावरण सृजना गर्न सकिन्छ ।*

एकाधिकार खोज्ने व्यक्तिहरू आफ्नो फाइदाको संरक्षण गर्न कसरी राज्यको पछाडि कुद्छन् भन्ने कुरा धेरैले राम्रोसँग बुझेका छन् । संयुक्त राज्य अमेरिकामा पनि संरक्षणवादी नीतिले गर्दा नै व्यापारमा एकाधिकारको जन्म भयो । जर्मनीमा सन् १८७८ देखि सिन्डिकेटको वृद्धिलाई सार्वजनिक नीतिले प्रोत्साहित गर्दै आएको छ । राज्यको सहयोगमा 'वैज्ञानिक योजना' निमार्ण र 'उद्योगको सुनियोजित उत्पादनमा' सबैभन्दा ठूलो परीक्षण पहिलो पटक जर्मनीमा नै भएको थियो जसले गर्दा त्यहाँ एकाधिकार भएका ठूला उद्योगहरूको जन्म भयो । प्रतिस्पर्धालाई दमन गर्ने जर्मनीको त्यही सुनियोजित नीतिलाई हामी 'योजना' भनिरहेका छौं ।

संगठित पूँजी र संगठित श्रम, यी दुवैले उद्योगमा एकाधिकारलाई समर्थन गर्ने नीति अपनाउँछन्; त्यसैले दुवै खतरापूर्ण हुन्छन् । हालसालै देखिएको एकाधिकारमा भएको वृद्धि पनि यी दुई बीचको मिलेमतोले गर्दा हो । यसबाट विशेष पहुँच भएका श्रमिकले उपभोक्ताका खर्चमा र खास गरी कम संगठित पूँजीबाट सञ्चालित उद्योगका श्रमिकको खर्चमा एकाधिकारको फाइदा आफ्नो हातमा पारेको देखिन्छ ।

केन्द्रीकृत योजनातर्फको अभियान नियतवश गरिने क्रियाकलापको प्रतिफल हो । कुनै बाह्य परिस्थितिले हामीलाई यस्तो योजना बनाउन बाध्य पार्दैन ।

## के योजनाले हामीलाई जिम्मेवारीबाट मुक्त गराउँछ ?

आफ्नो कामको व्यवहारिक पक्ष बुझ्ने धेरै योजनाकारहरुलाई थाहा हुन्छ कि निर्देशित अर्थतन्त्रलाई तानाशाही शासनले मात्र संचालन गर्न सक्छ ।

विविध विषय वा क्षेत्रका क्रियाकलापको जटिल संजाल चलाउनका लागि विज्ञहरूको समूह आवश्यक पर्छ । त्यसमार्फत यो प्रक्रिया चलाउने तानाशाही शासकको हातमा रहेको निरंकुश शक्तिलाई लोकतान्त्रिक प्रक्रियाले अल्झाउनु हुँदैन भन्ने योजनाकारहरूले राम्ररी बोध गरेका हुन्छन् । उनीहरू यो तानाशाही प्रवृत्ति आर्थिक क्रियाकलापमा 'मात्र' सीमित हुन्छ भनेर हामीलाई आश्वासन दिन्छन् । यसका साथै, यसरी आफ्नो जीवनको कम महत्वपूर्ण पक्षबाट अलिकति स्वतन्त्रता त्याग गर्दा हामीले अझ उच्च मूल्य र मान्यता प्राप्त गर्ने स्वतन्त्रता पाउँछौं भन्ने पनि सम्झाइन्छ । फलस्वरूप राजनीतिक क्षेत्रमा तानाशाही शासनको घोर भर्त्सना गर्नेहरू पनि आर्थिक क्षेत्रमा त्यही तानाशाहीको पछि लाग्दछन् ।

यस्ता तर्कहरू हाम्रो चेतनालाई लोभ्याउने किसिमले प्रस्तुत गरिएका हुन्छन् । हुन पनि, केन्द्रीकृत योजनाले हामीलाई 'कम महत्वपूर्ण' जिम्मेवारीबाट मुक्ति दिलाई सरल जीवन - उच्च विचारको गौरवपूर्ण जिन्दगी जिउन सम्भव बनाउँथ्यो भने, यस्तो आदर्श उद्देश्यलाई कसले अस्वीकार गर्न सक्ला ?

आर्थिक साध्यलाई जीवनका अन्य साध्यबाट छुट्याउन सकिँदैन । 'आर्थिक प्रेरक' भनेर गलत नामकरण गरिए पनि त्यो सामान्य अवसरको इच्छा मात्र हो । यदि हामी पैसाका लागि काम गर्छौं भने त्यसको कारण हो - पैसाले हाम्रो प्रयासको फल भोग गर्नका लागि सबैभन्दा बढी अवसर प्रदान गर्छ । एकचोटि कमाएपछि हामी आफूले कमाएको पैसा जहाँ चाह्यो त्यहीं खर्च गर्न सक्छौं ।

पैसाको सीमितताले गर्दा नै हामी गरिबीसँगै आउने अभाव महसुस गर्छौं । त्यो अभावको प्रतिनिधित्व पैसाले गर्छ । त्यसैले धेरैले पैसाप्रति नकारात्मक सोच राख्दछन् । तर वस्तुतः पैसा मान्छेले आविष्कार गरेको स्वतन्त्रताको सबैभन्दा ठूलो साधन हो । अहिलेको समाजमा पनि गरिब व्यक्तिलाई पैसाले नै अवसरका सबैभन्दा बढी ढोकाहरू खोलिदिन्छ - विगतका पुस्ताका धनीसँग पनि नभएका अवसरका ढोकाहरू उसका सामु खुला हुन्छन् ।

यदि समाजवादीहरूले भनेजस्तै 'आर्थिक प्रेरक'लाई हटाएर गैर-मौद्रिक आधारमा काम लगाउन थाल्यौं भने हामीले पैसाको वास्तविक महत्व साँच्चै बुझ्न सक्नेछौं । यदि कामको पारिश्रमिकका रूपमा पैसा नदिएर त्यसको सट्टा सार्वजनिक सम्मान या विशिष्ट फाइदा या अन्य व्यक्तिमाथिको शक्ति या राम्रो खाना या वासस्थान या पढ्न र घुम्नका लागि अवसर दिइन थाल्यो भने काम गर्ने व्यक्तिले आफ्नो इच्छा अनुरूप केही पनि छान्न पाउँदैन । साथै, जसले त्यो प्रतिफल प्रदान गर्छ उसले कत्रो प्रतिफल दिने र त्यो प्रतिफल कसरी प्रयोग गर्ने भन्ने कुरा पनि निश्चित गरिदिन्छ ।

यसरी योजनाकारहरूका अनुसार उनीहरुले वाचा गर्ने गरेको तथाकथित आर्थिक स्वतन्त्रताले हामीलाई आफ्नो आर्थिक समस्या सुल्झाउने अभिभाराबाट मुक्त गराउँछ र त्यसका लागि उनीहरूले नै हाम्रालागि कतिपय कटु छनौटहरू पनि गरिदिन्छन् । आधुनिक संसारमा हामी आफ्नो जीवनको लगभग हरेक पक्षमा अरूमा निर्भर छौं । त्यसैले, आर्थिक योजनाले हाम्रो सम्पूर्ण जीवनलाई नै निर्देशित गरिदिन्छ । हाम्रा आधारभूत आवश्यकतादेखि परिवार र साथीभाइसँगको सम्बन्धसम्म, हामीले गर्ने कामको प्रकृतिदेखि खाली समय कसरी बिताउने भन्ने कुरासम्म, यस्तो कुनै पनि पक्ष हुँदैन जसमाथि योजनाकारहरुको पहुँच र नियन्त्रण नपुगेको होस् । हामीलाई आफ्नो आय इच्छा अनुसार खर्च गर्न दिए पनि, हाम्रो निजी जीवनमाथि योजनाकारको नियन्त्रण घटेर जाँदैन किनभने सम्पूर्ण उत्पादन नै उनीहरूको हातमा हुन्छ ।

प्रतिस्पर्धात्मक समाजमा यदि एक व्यक्ति वा निकायले हाम्रो माग पूरा गर्न मानेन भने हामी अर्को व्यक्ति वा निकायमा जान सक्छौं भन्ने तथ्यमा हाम्रो 'छनौटको स्वतन्त्रता' आधारित छ । तर यदि हामीमाझ एकाधिकार प्राप्त व्यक्ति या निकाय छ भने हामी उसको इच्छाको शिकार बन्न पुग्छौं । र, सम्पूर्ण अर्थतन्त्रलाई निर्देशित गर्ने कुनै पनि व्यक्ति या निकायभन्दा ठूलो र शक्तिशाली एकाधिकार भएको अरु कोही हुनै सक्दैन ।

यस्तो एकाधिकारीले हामीलाई के दिने र कुन शर्तमा दिने भन्ने सम्पूर्ण निर्णय गर्ने शक्ति बोकेको हुन्छ। उसले कुन सामान उपलब्ध गराउने र कति उपलब्ध गराउने भन्ने मात्र होइन, त्यो सामान कुन समूह र क्षेत्रमा कति बाँड्ने भन्ने समेत निर्णय गर्छ। यसले कसैलाई पनि चाहे अनुसार विभेदकारी व्यवहार गर्न सक्छ। हामीले के पाउने भन्ने कुरा आफ्नो इच्छा र चाहना अनुसार नभई अरू कसैको विचार र चाहनामा निर्भर हुन्छ।

यसरी केन्द्रीकृत योजना प्रणालीमा कुनै शक्तिकेन्द्रको इच्छाले हाम्रो दैनिक जीवनलाई निर्देशित गर्छ। यो यर्थाथ उत्पादकको जीवनमा अझ कडा रूपमा लागू हुन्छ। हाम्रो काम तथा व्यवसाय हाम्रो जीवनको महत्वपूर्ण हिस्सा हो र प्रायः आफ्नो कामले नै हामी कहाँ र कसको माझ बस्ने भन्ने निर्णयलाई निर्देशित गर्छ। त्यसैले आफ्नो खुशीका लागि हामीले के काम गर्ने भन्ने स्वतन्त्रता आफूले कमाएको पैसा फुर्सदको समयमा कसरी खर्च गर्ने भन्ने स्वतन्त्रताभन्दा महत्वपूर्ण छ।

आदर्श संसारमा पनि यो स्वतन्त्रता सीमित हुन्छ। धेरै कम मानिसलाई मात्र अनेकन् पेशामध्ये छनौट गर्ने अवसर प्राप्त हुन्छ। तर कमसेकम हामीले केही त स्वतन्त्रता पाएका छौं र अरूले हाम्रालागि छानिदिएको पेशामा बाँधिएका त छैनौं। आफूले गर्दै गरेको कुनै काम एकदमै मन परेन भने अलिकति कडा परिश्रम र केही त्याग गरेर अर्को पेशामा लाग्न त सक्छौं। यो कुरा निकै महत्वपूर्ण छ। जस्तोसुकै अथक प्रयास गरे पनि हामी आफ्नो परिस्थितिलाई परिवर्तन गर्न सक्दैनौं भन्ने ज्ञानले त्यो परिस्थिति बेहोर्न अझ गाह्रो पार्छ। कुनै एउटा ठूलो यन्त्रमा एउटा सानो किल्ला हुनु त्यति राम्रो परिस्थिति नहोला। तर योभन्दा कैयौं गुणा नराम्रो परिस्थिति भनेको त्यो यन्त्र छाडेर अर्कातिर जाने स्वतन्त्रता समाप्त हुनु र त्यही यन्त्र र हाम्रालागि अरूले छानिदिएका उनै हाकिमहरूसँग बाँधिनुपर्ने अवस्थाको सृजना हुनु हो।

वर्तमान विश्वमा हामीसँग रहेका छनौटका विकल्प र अवसरहरू बढाउन धेरै काम गर्न सकिन्छ । तर योजनाले हामीलाई यसको ठीक विपरीत दिशामा लान्छ। योजनाले विभिन्न व्यापार र पेशामा उपलब्ध हुने रोजगारीका अवसर या पाइने पारिश्रमिक या दुवैलाई नियन्त्रण गर्नुपर्छ। योजनाको पहिलो पाइला भनेकै तिनलाई नियन्त्रण र प्रतिबन्धभित्र सीमित गर्नु हो ।

प्रतिस्पर्धात्मक समाजमा धेरैजसो कुराहरू कुनै न कुनै मूल्यमा किन्न सकिन्छ। यस्तो मूल्य प्रायः ज्यादै उच्च पनि हुन्छ। कुनै एक कुरा पाउनका लागि हामीले अर्को कुरा त्याग गर्नुपर्छ। यद्यपि स्वतन्त्रता नहुनु भनको आदेश तथा नियमहरू पालना गर्नुपर्ने सिथितको सृजना हो ।

मान्छेहरूले गाह्रो काम छनौट गर्न नचाहनु अनौठो कुरा होइन। तर धेरै कमले मात्र यस्तो छनौट अरू कसैले गरिदियोस् भन्ने चाहन्छन्। उनीहरूको चाहना सकेसम्म यस्तो छनौट गर्नु नै नपरे हुन्थ्यो भन्ने हुन्छ । कामको छनौट र आर्थिक अवस्थाबीचको सम्बन्ध उनीहरूले बुझेका हुन्छन् ।

मुलुकमा आर्थिक समस्या छैन भन्ने काल्पनिक सोचलाई थप पुष्टि गर्न योजनाबद्ध अर्थतन्त्रले प्रतिस्पर्धात्मक प्रणालीभन्दा ज्यादा उत्पादन दिन्छ भन्ने दाबी गरिन्छ। तर आर्थिक समस्या अध्ययन गर्ने धेरैले यो दाबीलाई अस्वीकार गर्दै गएका छन्। समाजवादी चिन्तन बोकेका धेरै अर्थशास्त्री समेत योजनाबद्ध आर्थिक प्रणालीले प्रतिस्पर्धात्मक प्रणालीको जति मात्र उत्पादन गर्न सक्यो भने पनि खुसी हुन्छन्। यसभन्दा पनि बढी, आजभोलि योजनाको पैरवी समतामूलक वितरण हासिल गर्नका लागि भनेर गरिन्छ। हामी कसले के कुरा कति पाउने भन्ने कुरा निर्धारण गर्न चाहन्छौं भने सम्पूर्ण अर्थतन्त्र नै योजनाबद्ध रूपमा अघि लानुपर्ने हुन्छ भन्ने कुरामा कसैको विमति नहोला ।

तर प्रश्न यो उठ्छ की कसैले आफूले आर्दश ठानेको न्याय प्राप्तिका लागि हामीले चुकाउनु पर्ने मूल्य अर्थतन्त्रको खुलापन दुरुपयोग गरेर भएको दमन र असन्तोष भन्दा निकै गुणा ठूलो हुन्छ । जब सरकारले सम्पत्तिको वितरण प्रणाली निर्माण गर्न थाल्छ तब यो कुन सिद्धान्तबाट प्रेरित हुनुपर्छ ? यसको उत्तर केवल एउटा सिद्धान्त या नियमले मात्र दिन सक्छ र त्यो हो : सबै व्यक्तिको पूर्ण समानताको सिद्धान्त । यदि यसलाई स्वीकार गर्ने हो भने कमसेकम औचित्यपूर्ण वितरणको अस्पष्ट अवधारणामा केही स्पष्टता पाउन सकिन्छ होला । तर सामान्यतया, मान्छेले यस्तो किसिमको यान्त्रिक समानता चाहेका हुँदैनन्, र समाजवादले पनि पूर्ण समानता नभएर "उच्च समानता"को मात्र बाचा गरेको हुन्छ ।

तर यो सूत्रले कुनै पनि प्रश्नको जवाफ दिन सक्दैन । यसले हरेक निर्णय गर्दा कुन समूहभन्दा कुन समूह बढी उचित हो भन्ने प्रश्नको उत्तर पनि दिँदैन र निर्णय गर्न खासै मद्दत पनि गर्दैन । यसले हामीलाई केवल 'धनीबाट सक्दो लिनुपर्छ' मात्र भन्छ । तर त्यसरी लिइएको सम्पत्तिको वितरण गर्ने बेलामा भने त्यो "उच्च समानता"को सूत्रमा ध्यानै दिइँदैन ।

आर्थिक स्वतन्त्रताविनाको राजनीतिक स्वतन्त्रता अर्थहीन मानिन्छ । यो कुरा सत्य हो, तर हाम्रा योजनाकारहरूले लगाएको अर्थभन्दा ठीक विपरीत अर्थमा । आर्थिक स्वतन्त्रता अन्य सबै स्वतन्त्रताको पूर्वशर्तको रूपमा रहेको छ । तर यो भनेको समाजवादीहरूले हामीलाई बाचा गरेको "आर्थिक जिम्मेवारीबाट मुक्ति" होइन । "आर्थिक जिम्मेवारीबाट मुक्ति"ले हामीलाई छनौट गर्ने अवसरबाट वञ्चित गर्छ । आर्थिक स्वतन्त्रता भनेको त आर्थिक क्रियाकलापमा संलग्न हुन पाउने स्वतन्त्रता हो, जसमा छनौट गर्ने अधिकार सँगसँगै त्यो अधिकारसँग जोडिएको जोखिम र दायित्व पनि समेटिन्छ ।

## दुई किसिमको सुरक्षा

समाजवादीहरूले बाचा गर्ने आर्थिक स्वतन्त्रताको मिथ्यालाई "अझ न्यायिक आर्थिक सुरक्षा" भनेर प्रस्तुत गरिन्छ र यो स्वतन्त्रताका लागि अपरिहार्य शर्त हो पनि भनिन्छ। केही हदसम्म यो सत्य पनि हो र महत्वपूर्ण पनि छ। आफ्नो मिहिनेतबाट आफैं अघि बढ्न सक्छु भन्ने आत्मविश्वास नभएकाहरूसँग सबल चरित्र र सोचको आत्मनिर्भरताको अपेक्षा पनि गर्न सकिंदैन।

तर सुरक्षा दुई किसिमका हुन्छन्। एक : सबैका लागि बाँच्न पाउने न्यूनतम आर्थिक अवस्थाको प्रत्याभूति गर्ने सुरक्षा र दुई : कुनै व्यक्ति या समूहविशेषलाई एउटा निश्चित जीवनस्तरको प्रत्याभूतिका लागि गरिने सुरक्षा।

अमेरिका वा बेलायत जस्ता धनी समाजले अरू कसैको स्वतन्त्रता हनन नगरी सबैका लागि पहिलो किसिमको सुरक्षाको प्रत्याभूति गर्न खासै अप्ठ्यारो पर्दैन। भनाइको मतलब : स्वस्थ जनशक्तिका लागि न्यूनतम गाँस, बास र कपासको व्यवस्था। र, व्यक्तिले गरेको बिमाले नभ्याउने किसिमको दुर्घटनाका लागि राज्यका तर्फबाट पर्याप्त सामाजिक बिमा गर्न पनि गाह्रो नहोला।

तर दोस्रो किसिमको सुरक्षाका लागि योजना बनाउँदा चाहिं सबैभन्दा धेरै घात स्वतन्त्रतालाई नै पुग्छ। यो भनेको कुनै खास व्यक्ति या समूहको आयमा ह्रास नआओस् भनेर बनाइने योजना हो।

यदि कुनै पेशा या व्यापारले राम्रो गरिरहेको छ र त्यसको मुनाफा हाल प्राप्त गरिरहेका व्यक्ति वा समूहमा मात्र सीमित गर्ने उद्देश्यले अरूलाई त्यो पेशा या व्यापारमा आउन नदिने किसिमको प्रावधान राख्ने हो भने त्यो संरक्षणवादी व्यवस्था हुन्छ। यस्तो व्यवस्थामा कुनै पेशा या व्यापार राम्ररी संचालन गर्न नसकेकाहरूले जाने अर्को ठाउँ समेत रहँदैन। फलस्वरूप हरेक परिवर्तनले

बेरोजगारीको दर बढाउँदै जान्छ । खास व्यक्ति वा समूहहरूको सुरक्षा र संरक्षण गरिएकाले नै गएको दशकमा धेरै हदसम्म बेरोजगारी र असुरक्षा बढेको छ ।

खास समूह र पेशाको संरक्षण गरेर संकुचन भएको समाजमा ती पेशा र समूह बाहिर पर्नेहरूको नैराश्य र लाचारी त्यसको अनुभव गर्नेहरूले मात्र बुझ्न सक्छन् । अहिलेसम्म पनि, पहुँच नभएका उत्पादकलाई पहुँच भएका र संरक्षित उत्पादकहरूले गरेको शोषण कुनै वर्गले अरू वर्गमाथि गरेको शोषणभन्दा क्रूर छ । यो प्रतिस्पर्धालाई 'विनियमन' गरेकै कारणले सम्भव भएको हो । सीमित मूल्य र ज्यालादरको 'स्थायित्व' कायम गर्ने नाममा या प्रतिस्पर्धाका लागि गरिएको विनियमनले धेरै हानि पुऱ्याएको छ । यस्तो अभ्यासले केही समूहको आयलाई संरक्षण गरे तापनि बाँकी जनताको अवस्था झन् कमजोर तुल्याउँछ ।

अमेरिका र बेलायतमा पनि प्रतिस्पर्धालाई "विनियमन" गर्दै, मूल्य र ज्यालादरलाई 'स्थायित्व' दिने यस्ता अभ्यासहरू बढ्दो क्रममा छन् । यसरी कुनै एक समूहलाई सुरक्षा दिँदा अर्को समूहको असुरक्षा बढ्दै जान्छ । यदि कसैलाई एउटा घटबढ भइरहने केकको निश्चित भागको प्रत्याभूति दिइन्छ भने बाँकीले खान पाउने टुक्राको भाग तलमाथि भई नै राख्छ । यसबाट प्रतिस्पर्धाले प्रदान गर्ने सबैभन्दा महत्वपूर्ण तत्व, "अवसरको विविधता" कम हुँदै जान्छ ।

सुरक्षाका लागि राज्यबाट समर्थित बाध्यात्मक प्रावधानहरूले दीर्घकालमा समाजमा प्रगतिशील रूपान्तरण लिएर आएका छन् । यस्तो रूपान्तरणमा जर्मनी अघि छ र अन्य देशहरू त्यसलाई पछ्याउँदैछन् । तर यो विकासक्रमलाई द्रुत गति दिएर सहयोग पुऱ्याउने समाजवादी सिकाइको अर्को पक्ष पनि छ । यस्ता सिकाइहरूले आर्थिक जोखिम बोकेका सबै क्रियाकलापहरू र जोखिम उठाएर पाउन सकिने फाइदा (जो सीमित व्यक्तिहरूले मात्र पाउन सक्छन्)को उपेक्षा गर्छन् ।

पहिलेको पुस्ताबाट "उद्योग खोलेर जोखिम उठाउनुभन्दा तलब लिएर सुरक्षित जागिर खानु राम्रो पेशा हो" भन्ने सुनेर आएको अहिलेको युवा पुस्ताले जागिर रोज्यो भनेर हामीले आरोप लगाउन मिल्दैन । अहिलेको युवा पुस्ता यस्तो विश्वमा हुर्केको छ जहाँ विद्यालयमा होस् वा सञ्चारमाध्यममा, व्यापार अथवा उद्योग गरेर मुनाफा कमाउनुलाई अनैतिक भनेर चित्रण गरिएको छ । १०० जना मानिसलाई रोजगारी दिनुलाई उनीहरूको शोषण भनेर व्याख्या गरिन्छ अनि तीभन्दा बढीलाई आदेश दिएर युद्धमा प्रयोग गर्ने प्रवृत्तिलाई प्रशंसा र सम्मान गरिन्छ ।

वृद्ध पुस्ताका धेरैलाई यो अतिशयोक्ति लाग्ला तर कुनै विश्वविद्यालयको शिक्षकको दिनानुदिनको अनुभवले यसलाई पुष्टि गर्छ । पूँजीवाद विरूद्धको सनसनीपूर्ण अफवाहले गर्दा हाम्रा मूल्य र मान्यतामा धेरै ठूला परिवर्तन आइसकेका छन् । यसरी बदलिँदै गएका मूल्य र मान्यताका आधारमा आफ्ना भएका संस्थाहरूलाई पनि हामीले परिवर्तन गऱ्यौं भने, अहिलेसम्म उच्च मान्दै आएका मूल्य र मान्यतालाई ध्वस्त त पार्नेछैनौं भन्ने प्रश्न निकै गम्भीर छ ।

अहिले हामीले सामना गरिरहेको द्वन्द्व आधारभूत रूपमा परस्परविरोधी दुई सामाजिक संरचना बीचको द्वन्द्व हो जसलाई धेरैजसो व्यापारिक र सैनिक भनेर चिनिन्छ । दुवैमा छनौट र त्यो सँगसँगै आउने जोखिम कि त व्यक्तिको हातमा हुन्छ या व्यक्ति दुवैबाट मुक्त हुन्छ । सैनिक प्रणालीमा काम र कामदार दुवैको निर्धारण कुनै अधिकार सम्पन्न निकायले गर्छ र त्यहाँ व्यक्तिलाई सम्पूर्ण रूपमा आर्थिक सुरक्षा प्रदान गरिएको हुन्छ । यद्यपि, यो सुरक्षा स्वतन्त्रताको प्रतिबन्ध र सैनिक जीवनको अनुक्रम सँगसँगै जोडिएर आउँछ । यो सुरक्षा ब्यारेकभित्रको सुरक्षा हो ।

स्वतन्त्रताको बानी परेको समाजमा सुरक्षाका लागि यत्रो मूल्य चुकाउन कमै व्यक्ति मात्र तयार होलान् । तर अहिलेका नीतिहरूले भने यस्तो परिस्थिति सृजना गर्दैछन्, जहाँ सुरक्षाको चाहना स्वतन्त्रताको चाहनाभन्दा बढी हुन्छ ।

यदि हामी व्यक्तिगत स्वतन्त्रतालाई ध्वस्त गर्न चाहदैनौं भने निर्बाध रूपमा प्रतिस्पर्धालाई काम गर्न दिनुपर्छ । सबै जनाका लागि एउटा न्यूनतम समान स्तर कायम हुनुपर्छ अनि कुनै खास वर्गलाई फाइदा पुऱ्याउने किसिमको सुरक्षा र संरक्षणलाई खारेज गर्नुपर्छ। कुनै वर्गको फाइदा र तिनको विशेष स्तर कायम राख्न अरूलाई त्यस क्षेत्रमा आउन नदिने प्रावधान खडा गर्ने किसिमका बहानाहरू हामीले आजै त्याग्नुपर्छ ।

हाम्रो नीतिको एउटा मुख्य उद्देश्य गरिबीका रेखामुनि भएकाहरूलाई कसरी सुरक्षा प्रदान गर्ने भन्ने हुनुपर्छ भन्ने कुरामा विमति छैन । तर स्वतन्त्रताको उपहास गर्दै सुरक्षाको गुनगान गाउने अहिलेका बुद्धिजीवीहरूको प्रवृत्तिभन्दा घातक अरू केही नहोला । हामीले स्वतन्त्रता सित्तैमा आउँदैन र यसको संरक्षणको लागि केही भौतिक त्याग गर्न सक्नुपर्छ भन्ने पाठ फेरि पढ्न अत्यावश्यक भएको छ ।

समग्रमा, हामीले स्वतन्त्रतामाथिको पूर्ण विश्वासलाई पुनः हासिल गर्नुपर्ने बेला आइसकेको छ । यसै सन्दर्भमा, बेन्जामिन फ्रांकलिनको एउटा भनाइ सम्पूर्ण राष्ट्रका साथै हरेक व्यक्तिमाथि पनि लागू हुन्छ : “केही अल्पकालीन सुरक्षा पाउनका लागि आफ्नो आधारभूत स्वतन्त्रता बेच्न तयार हुनेहरू न स्वतन्त्रता न त सुरक्षाका नै लायक हुन्छन् ।”

## सुन्दर भविष्यतर्फ

सुन्दर भविष्य बनाउनका लागि हामीसँग नयाँ सुरुवात गर्ने हिम्मत हुन आवश्यक छ । यसका निम्ति हाम्रो बाटोमा मानवीय त्रुटिले खडा गरेका अड्चनहरू हटाउँदै व्यक्तिको सृजनशीलतालाई विस्तारित गर्नुपर्छ । केन्द्रीकृत योजनाबाट खोजिने विकासको बाटो छाडेर वास्तविक विकासको बाटोका लागि चाहिने वातावरण सृजना गर्नुपर्छ ।

अझ धेरै 'योजना' चाहियो या अब 'नयाँ व्यवस्था' ल्याउनुपर्‍यो भन्ने नारा अघि सार्नेहरूमा सुन्दर भविष्य सृजना गर्ने हिम्मत र दूरदृष्टि हुँदैन । तिनीहरूले भनेको नयाँ व्यवस्था उही ४० वर्ष पुरानो व्यवस्था हो र तिनले हिट्लरको देखासिकी गर्न बाहेक अरू केही जान्दैनन् । योजनाका लागि चर्को स्वर उठाउनेहरू नै त्यो विचारबाट प्रभावित छन् जसले आजको द्वन्द र त्यसको साथसाथै आएका समस्याहरूलाई निम्त्याएको छ ।

स्वतन्त्र मानिस भएको सुन्दर संसार सृजना गर्ने हो भने त्यसको निर्देशक सिद्धान्त स्पष्ट छ : "व्यक्तिको स्वतन्त्रता प्रवर्धन गर्ने नीति नै साँचो अर्थमा प्रगतिशील नीति हो ।"





"लुक" पत्रिकामा प्रथम पटक प्रकाशित

१

## युद्धले "राष्ट्रिय योजनामा" जोड दिन्छ......

तपाईं खुसीपूर्वक आफ्नो स्वतन्त्रता देशको अर्थतन्त्र परिचालनको लागि त्याग गर्नुहुन्छ । बाहिरी शत्रुहरूका कारण देशमा सैनिकीकरण गर्न अत्यावश्यक छ भन्ने बुझ्नुहुन्छ ।



२

**"योजनालाई" अधिकांश व्यक्तिहरू कायम राख्न चाहन्छन्...**

युद्ध समाप्त हुनु अगाडीसम्म 'शान्ति स्थापना समिति' निर्माण गर्नुपर्ने तर्कहरु राखिन्छ र सत्तामा रहिरहन इच्छुक युद्धकालीन "योजनाकारहरूले" नै यस कुरालाई प्रोत्साहन गरिरहेका हुन्छन् ।



३

## “योजनाकारहरूले” एक आदर्श राज्यको वाचा गर्दछन्......


ग्रामीण क्षेत्रमा किसानहरुका लागि एक आशावादी योजना बनाइन्छ । त्यस्तै शहरी क्षेत्रमा औद्योगिक श्रमिकहरुका लागि सोहि अनुसारका योजनाहरूको निर्धारण गरिन्छ । यही आधारमा नै योजना आयोगका लागि नयाँ “योजनाकारहरूको” छनौट गरिन्छ ।



४

## तर उनीहरूबीच एउटै आदर्श राज्यबारेमा कहिल्यै सहमति हुन सक्दैन......


शान्तिको आगमनसँगै नयाँ कानून निर्माण गर्ने एकाइको गठनमा विवाद हुँदैन तर “युद्धमा विजय प्राप्त गर्ने” जस्तो एकता कायम रहँदैन । योजनाकारहरू आतिन्छन् । बजेटको कुनै स्रोत नभए तापनि हरेक “योजनाकारसँग” आफ्नै विशेष योजना हुन्छ ।



५

## यद्यपि नागरिकहरू पनि त्यस कुरामा सहमत हुन सक्दैनन्......

केही महिनाको कसरतपछि 'योजनाकारहरूले' मिलेर अस्थायी प्रकृतिको योजना निर्माण गरे तापनि जनताहरु त्यस योजनामा सहमत हुन सक्दैनन् । किसानका लागि निर्माण गरिएको योजनाले किसानको समर्थन पाए पनि कारखाना मजदुर त्यस योजनाको विरोधमा उत्रन्छन् ।



६

## “योजनाकारहरू” बलजफ्ती सहमति कायम गर्ने कुरालाई घृणा गर्दछन्.........

अधिकांश “राष्ट्रिय योजनाकारहरू” अत्यन्त आदर्शवादी स्वभावका हुन्छन् र उनीहरू जहिले पनि शक्ति प्रयोगको विपक्षमा बोल्दछन् । उनीहरू आफ्नो संयोजनकारी “योजनामा” जनताको चमत्कारिक समर्थन पाउने आशामा रहेका हुन्छन् ।



७

**योजनाकारहरू योजनालाई सबैका लागि "स्वीकार्य" बनाउने प्रयत्न गर्दछन्.........**

जनतामाझ एकै प्रकारको दृष्टिकोण ल्याउने असफल प्रयासमा "योजनाकारहरूले" भ्रम फैलाउने ठूलो संयन्त्र निर्माण गर्दछन् । *पछि गएर यस्तो संयन्त्र नै सम्भावित तानाशाहका लागि अत्यन्त उपयोगी सावित हुन पुग्दछ ।*



८

**सोझासाझाहरु सहमत पनि हुन्छन्..........**

सोही समयमा राष्ट्रमा बढ्दो अस्तव्यस्तताले विरोधका कार्यक्रमहरु निम्त्याउँछ । त्यसमध्येका अल्पशिक्षितहरु कुशल वक्ताका भाषणद्वारा प्रभावित भई नयाँ पार्टी खोल्छन् ।



९

## “योजनाकारहरूमा” घट्दो आत्मविश्वास.........

“योजनाकारहरू” जति संशोधन गर्दै जान्छन्, यसले त्यही अनुपातमा सामान्य व्यवसायमा पनि असर पार्दै जान्छ । यस कार्यबाट सबै जनता प्रताडित हुन्छन् । यसपछि जनताले यथार्थमा “योजनाकारहरूले” कुनै पनि कार्य गर्न सक्दैनन् भन्ने कुरा बुझ्न थाल्छन् ।



**१०**

## एक "शक्तिशाली मानिसलाई" राज्यशक्ति प्रदान गरिन्छ.......

हतास मनस्थितिमा "योजनाकारहरूले" नयाँ राजनीतिक सङ्गठनको नेतृत्वलाई योजना परिवर्तन वा कार्यान्वयन गर्ने र त्यसको पालना गर्न लगाउन अख्तियारी प्रदान गर्दछन् । पछि, सोचे जस्तो नभएमा उक्त नेतृत्वलाई परिवर्तन गर्न सकिन्छ *भन्ने भ्रममा उनीहरु बस्छन् ।*



**११**

## यसपछि उक्त राजनीतिक सङ्गठनले राज्यलाई नै नियन्त्रण गर्दछ......

यहाँ सम्म आईपुग्दा दुविधा यति उच्च हुन्छ की नयाँ नेतृत्वप्रति कुनै पनि मूल्यमा वफादारी कायम गर्न अनिवार्य हुन्छ । शायद, राष्ट्रिय एकता बलियो बनाउने नाममा इच्छा विपरीत नै भएपनि तपाईं स्वयम्ले त्यो राजनीतिक सङ्गठनमा आफूलाई आबद्ध गराउनु हुनेछ ।



## १२

**_नकारात्मक_ उद्देश्य निर्माण गर्दा राजनीतिक सङ्गठनको एकतालाई बल पुग्दछ........**

हरेक तानाशाहले सुरुसुरुमा बहुसङ्ख्यकलाई आक्रामक बन्न उत्प्रेरित गर्दै अल्पसङ्ख्यकलाई बलिको बोको बनाई उनीहरु विरुद्ध एउटा साझा मुद्दा निकाल्छन् । जर्मनीको नाजी एकतालाई बल पुऱ्याउन यहुदीहरूमाथि गरिएको विभेद त्यस्तै नकारात्मक उद्देश्यको थियो ।



१३

## नेताले बनाएको योजनाको विरोधमा कोही बोल्दैन.........

नयाँ गुप्तचर प्रहरीहरू अत्यन्त निर्दयी हुने हुनाले विरोध गर्नु भनेको आत्महत्या गर्नुसरह हुनेछ । "योजनाबद्धरूपमा" चल्ने कुनै पनि राज्यमा बलजफ्ती आदर्श कायम गराउन सक्ने सामर्थ्यलाई सदैव प्राथमिकतामा राखिन्छ । यसपछि व्यक्तिका *सम्पूर्ण* स्वतन्त्रताको हरण हुन्छ ।



१४

## अब तपाईंको पेसा पनि "योजना"अनुसार निर्धारित हुन्छ..........

प्रभावहीन भइसकेका "योजनाकारहरूले" प्रतिबद्धता जनाएको रोजगारी छनौटको बृहत अवसरको बाचा दुर्भाग्यवश भ्रम सावित हुन्छ। योजनाकारहरुले न कहिल्यै आफ्नो प्रतिबद्धता पुरा गरेका छन्, न त सक्छन् नै ।



१५

## तपाईको ज्याला पनि “योजनाअनुसार” नै निर्धारित हुन्छ............

ज्यालादरको निर्धारण लचकतारहित र स्वेच्छाकारी हुन्छ । केन्द्रीय मुख्यालयबाट योजनाबद्धरूपमा सञ्चालन हुने राज्यमा ज्यालादर निर्धारणको यो संयन्त्र अत्यन्त *अव्यवस्थित, अन्यायपूर्ण* र *असफल* हुन्छ ।



१६

## तपाईंको वैचारिक चिन्तन पनि “योजनाबद्ध” हुन्छ..........


तानाशाही व्यवस्थामा, नियतवस नभए तापनि योजनाकारहरूले विचारहरूबीचको भिन्नतालाई कुनै स्थान दिँदैनन् । पोस्टर, रेडियो र छापाहरूले तपाईंलाई सदैव *एउटै झुटो कुरा* भनिरहेका हुन्छन् ।



१७

## यसपछि तपाईंको मनोरञ्जन पनि "योजनाबद्ध" हुन्छ..........

सैनिकीकरण भएका राज्यहरुमा खेलकुद र मनोरञ्जन जस्ता कुराहरू पनि सावधानीपूर्वक 'योजनाबद्ध' रूपमा सञ्चालन गरिने कार्य संयोग मात्र होइन । एक पटक सुरु भएपछि "योजनाकारहरू" रोकिन सक्दैनन् ।



१८

## तपाईंलाई दिइने सजाय पनि "योजनाबद्ध" हुन्छ..........

तपाईंलाई जागिरबाट बलपूर्वक हटाउँदा त्यसलाई बन्दुकधारीहरूको निशाना लगाउने अभ्यासको रूपमा लिइन्छ । पहिले जुन कुरालाई सामान्य त्रुटीका रूपमा लिइन्थ्यो अब त्यो कुरा राज्यविरुद्धको जघन्य अपराध मानिन्छ । यसरी दासत्वको बाटोको पनि अन्त्य हुन्छ ।



समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने, शैक्षिक तथा अनुसन्धानमूलक कम्पनी हो । काठमाडौंस्थित यस फाउण्डेशनले सार्वजनिक नीतिसँग सम्बन्धित विषयहरुमा अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ । अनुसन्धान तथा प्रकाशन, शैक्षिक तथा तालिम कार्यक्रम, र बहस, पैरवी तथा सार्वजनिक सहभागिताका मार्फत यस कम्पनीले उद्यमशीलता विकास, व्यवसायिक वातावरण सुधार, आर्थिक नीति सुधार र लोकतन्त्रका विषयमा छलफल तथा बहस सम्बन्धि काम गर्दछ ।

४१६, भिमसेनगोलामार्ग, मीनभवन खरिबोट । पोस्ट बक्स नम्बर : ८९७२, एन. पि. सी. ६७८, काठमाडौं, नेपाल
फोन : (+९७७)-१-४४६-४६१६, ४४८-४०१६ । फ्याक्स: (+९७७)-१-४४८-५२९१
इमेल: info@samriddhi.org । वेबसाइट: www.samriddhi.org